# सर्वोच्च अदालत




# बैङ्किङ्ग कसूरको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन

(सर्वोच्च अदालतको पूर्ण बैठकबाट मिति २०७५।११।८।४ मा स्वीकृत भएको)

**२०७५**

# बैङ्किङ्ग कसूरमा सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शनको आवश्यकता

बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ ले बैङ्किङ्ग तथा वित्तिय प्रणालीको कारोबार सम्बन्धी विभिन्न कसूरजन्य कार्यहरुलाई अपराधीकरण गरी कसूर गर्ने व्यक्तिलाई सजायको व्यवस्था गरेको छ। उक्त ऐनमा उल्लिखित कसूरहरु मध्ये दफा ५, ६, ७, ८, ९, १०, १२, १२क., १३, १४, १४क. र १४ख. मा उल्लिखित रु. ५० लाखभन्दा बढी विगो भएका कसूर गर्ने कसूरदारलाई न्यायिक स्वविवेकमा सजाय निर्धारण गर्नु पर्ने गरी सजायको माथिल्लो र तल्लो हदको व्यवस्था गरिएको छ।

सोही ऐनको दफा ३ मा उल्लिखित कसूर, दफा ५, ६, ७, ८, ९, १०, १२, १२क., १४, १४क. र १४ख. मा उल्लिखित रु. ५० लाखभन्दा कम विगो भएका कसूरहरु तथा १६ मा उल्लिखित कसूर कसूरदारलाई ३ बर्षसम्म कैद तथा रु. ३० हजार रुपैयाँसम्म जरिबाना हुने तथा दफा ११ मा विगो बमोजिम जरिबाना हुने व्यवस्था रहेको छ।

साथै, बैङ्किङ्ग कसूर गर्ने कसूरदारलाई सोही ऐनको दफा दफा १५ को उपदफा (८), अपराध संहिता तथा प्रचलित कानून बमोजिम थप सजाय हुने व्यवस्था समेत रहेको छ।

३ बर्षसम्म कैद तथा रु. ३० हजारसम्म जरिबाना हुने तथा विगो बमोजिम निश्चित जरिबानाको सजाय हुने व्यवस्था गरेको दफा ३ मा उल्लिखित कसूर, दफा ५, ६, ७, ८, ९, १०, १२, १२क., १४, १४क. र १४ख. मा उल्लिखित रु. ५० लाखभन्दा कम विगो भएका कसूरहरु, दफा १६ मा उल्लिखित कसूर तथा दफा ११ मा उल्लिखित कसूर गर्ने कसूरदारलाई सजाय निर्धारणको प्रयोजनका लागि छुट्टै सुनुवाई गर्नु नपर्ने भएकोले उल्लिखित कसूर गर्ने कसूरदारलाई सजाय निर्धारण गर्न छुट्टै मार्गदर्शन बनाइएको छैन।

उल्लिखित कसूरहरु बाहेक बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ ले सजायको माथिल्लो र तल्लो हद तोकिएका दफा ५, ६, ७, ८, ९, १०, १२, १२क., १३, १४, १४क. र १४ख. मा उल्लिखित रु. ५० लाखभन्दा बढी विगो भएका कसूर गर्ने कसूरदारलाई सम्बद्ध कानूनका व्यवस्थाहरुलाई समग्रतामा विचार गरी न्यायिक स्वविवेकमा उपयुक्त सजाय निर्धारण गर्न मार्गदर्शनको लागि सर्वोच्च अदालतले यो **बैङ्किङ्ग कसूरको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन** बनाएको छ।

# सामान्य मार्गदर्शनको प्रयोग

- यो सामान्य मार्गदर्शन बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ मा ३ वर्षसम्म कैद तथा रु. ३० हजारसम्म जरिबाना हुने व्यवस्था भएका कसूर बाहेकका अन्य बैङ्किङ्ग कसूरमा सजाय निर्धारण गर्दा मार्गदर्शकको रुपमा रहनेछ।
- यो सामान्य मार्गदर्शन बैङ्किङ्ग कसूरमा कसूरदार ठहर भएको प्रतिवादीलाई सजाय निर्धारण गर्ने प्रयोजनका लागि प्रयोग हुनेछ।
- यो सामान्य मार्गदर्शन १८ वर्ष वा सोभन्दा बढी उमेर भएको कसूरदारलाई सजाय निर्धारण गर्दा लागू हुनेछ र कुनै कसूरदार १८ वर्षभन्दा कम उमेरको भएमा त्यस्तो कसूरदारलाई सजाय निर्धारण गर्दा **कसूरदार बालबालिकाको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन** समेत लागू हुनेछ।
- ऐनले अधिकतम र न्यूनतम सजायको व्यवस्था गरेको बैङ्किङ्ग कसूर सम्बन्धी मुद्दामा विद्यमान कसूरको गम्भीरता बढाउने तथा घटाउने अवस्थाका आधारमा उपयुक्त सजाय निर्धारणको लागि कैद सजायको आधार विन्दु (Base point) निर्धारण गरिएको छ।
- ऐनमा भएको सजायको व्यवस्थाका आधारमा सजायको माथिल्लो र तल्लो दायराको सामान्यतयाः मध्यविन्दुलाई सजायको आधार विन्दु निर्धारण गरिएको छ।

  (उदाहरणको लागि १० देखि १२ वर्षसम्म कैदको सजायको व्यवस्था भएको कसूरमा सजाय निर्धारणको आधार विन्दु ११ वर्ष कायम गरिएको)
- अपराध संहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने अवस्था मुद्दामा विद्यमान भएमा कैद सजायको आधार विन्दुबाट सजायको दायराको अधिकतम् हदमा नबढ्ने गरी कैद सजायको अवधी बढाउन सकिने तथा अपराध संहिताको दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने अवस्था मुद्दामा विद्यमान भएमा कैद सजायको आधार विन्दुबाट सजायको दायराको न्यूनतम हदमा नघट्ने गरी कैद सजायको अवधी घटाउन सकिने गरी सजाय निर्धारण गर्ने विधि तय गरिएको छ।
- यस सामान्य मार्गदर्शनमा सजाय निर्धारण गर्ने प्रयोजनको लागि सम्बद्ध कानूनहरुमा रहेका सम्बन्धित व्यवस्थाहरुलाई समग्रमा मध्यनजर गरी अपराध संहिता र प्रचलित कानून बमोजिम बैङ्किङ्ग कसूरमा कसूरदारलाई हुन सक्ने थप सजायलाई समेत समावेश गरिएको छ।
- सजाय निर्धारणलाई सहज, वस्तुपरक र एकरुपतापूर्ण बनाउन सजाय निर्धारण सम्बन्धी १५ वटा चरणहरु निर्धारण गरिएको छ। यस सामान्य मार्गदर्शनको भाग- १ मा सजाय निर्धारण सम्बन्धी सबै १५ वटै चरणहरुमा गर्नु पर्ने कार्य र सोको आधारहरु उल्लेख गरिएको छ।तर अन्य भागहरुमा भने सबै चरणमा गर्नु पर्ने कार्यहरुको पुनर्लेखन नगरी सम्बन्धित कसूरमा आकर्षित हुने चरणहरु भाग -१ मा उल्लेख भए बमोजिम गर्ने गरी उल्लेख गरिएको छ।भाग -१ मा उल्लेख गरेको भन्दा पृथक व्यवस्था गर्नु परेकोमा भने सम्बन्धित भागमा छुट्टै व्यवस्था गरिएको छ।
- यस सामान्य मार्गदर्शनमा सजाय निर्धारणको क्रममा गर्नु पर्ने कार्यहरुलाई १५ वटा चरणको तर्कसङ्गत क्रम तय गरिएको भए तापनि कसूरको प्रकृतिका आधारमा यसै मार्गदर्शनमा तय गरिएको क्रमलाई आवश्यकता अनुसार परिवर्तन गरी प्रयोग गर्न सकिनेछ।
- कुनै कसूरदारलाई सजाय निर्धारण गर्नु अघि सजायपूर्वको प्रतिवेदन माग गर्ने आदेश भएकोमा सजाय निर्धारण ऐनको दफा १२, सजाय निर्धारण नियमावलीको नियम ४ तथा वालवालिका सम्बन्धी कानून समेतका आधारमा सरकारी वकिल वा कसूरदारको कानून व्यवसायीले सजायपूर्वको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था रहेको छ । त्यसरी पेश भएको प्रतिवेदनका सम्बन्धमा सरकारी वकिल वा कसूरदारको कानून व्यवसायी वा कसूरदार वा कसूरदार वालवालिकाको हकमा निजको संरक्षकले लिखित राय पेश गरेमा त्यस्तो प्रतिवेदन तथा लिखित रायलाई अवस्था अनुसार यसै सामान्य मार्गदर्शनको तेस्रो, चौथो, छैठौं, सातौं, आठौं, बाहौं, तेहौं र चौधौं चरणमा विचार गर्न सकिनेछ।
- अपराध संहिताको भाग-१, परिच्छेद-३ मा उल्लिखित कसूरको गम्भीरता बढाउने तथा घटाउने सबै अवस्थाहरु प्रत्येक बैङ्किङ्ग कसूरमा समान रुपमा सान्दर्भीक नहुने हुँदा सम्बन्धित कसूरको प्रकृतिलाई मध्यनजर गरी गम्भीरता बढाउने तथा घटाउने सान्दर्भीक अवस्थाहरुमात्र मार्गदर्शनमा त्यस्तो कसूरसँग सम्बन्धित भागमा उल्लेख गरिएको छ।

- ऐनको दफा १५ को उपदफा (६) र (७) ले बैङ्किङ्ग कसूरको उद्योग गर्ने वा मद्दत पुर्याउने (मतियार हुने) कार्यलाई अपराधिकरण गरी त्यस्तो कसूरको कसूरदारलाई छुट्टै सजायको व्यवस्था गरेको हुँदा बैङ्किङ्ग कसूरको उद्योग गर्ने वा मतियार हुने कार्यको अपराधिकरण तथा सजायको सम्बन्धमा अपराध संहिताको भाग-१, परिच्छेद-३ को सामान्य प्रावधान सम्बन्धी व्यवस्था लागू नहुने।
- बैङ्किङ्ग कसूरको आपराधिक षडयन्त्र गर्ने तथा त्यस्तो कसूर गर्न दुरुत्साहन दिने कार्यलाई ऐनले अपराधीकरण र सजायको व्यवस्था नगरेको हुँदा बैङ्किङ्ग कसूरको आपराधिक षडयन्त्र गर्ने तथा दुरुत्साहन दिने सम्बन्धी कार्यको अपराधीकरण र सजायका सम्बन्धमा अपराध संहिताको भाग-१, परिच्छेद-३ को सामान्य प्रावधान सम्बन्धी व्यवस्था लागू हुने भएकोले ती कसूर गर्ने कसूरदारलाई सजाय निर्धारण सम्बन्धमा देहाय बमोजिम गरिएको छः-

| | |
|---|---|
| **आपराधिक षडयन्त्र** | बैङ्किङ्ग कसूरको आपराधिक षडयन्त्र गर्ने कार्यको अपराधिकरण तथा सजाय सम्बन्धी छुट्टै व्यवस्था नभई अपराध संहिताको दफा ३३ बमोजिमको सामान्य प्रावधान सम्बन्धी व्यवस्था लागू हुने हुँदा त्यस्तो कसूरको कसूरदारलाई यसै सामान्य मार्गदर्शनको भाग -१० बमोजिम सजाय निर्धारण गर्नु पर्ने। |
| **दुरुत्साहन** | बैङ्किङ्ग कसूरको दुरुत्साहन दिने कार्यको अपराधिकरण तथा सजाय सम्बन्धी छुट्टै व्यवस्था नभएकोले अपराध संहिताको दफा ३५ बमोजिमको सामान्य प्रावधान सम्बन्धी व्यवस्था लागू हुने हुँदा त्यस्तो कसूरको कसूरदारलाई यसै सामान्य मार्गदर्शनको भाग -१० बमोजिम सजाय निर्धारण गर्नु पर्ने। |

- यो सामान्य मार्गदर्शन अधिकतम र न्यूनतम सजायको व्यवस्था भएको जघन्य तथा गम्भीर बैङ्किङ्ग कसूर गर्ने कसूरदारलाई उपयुक्त सजाय निर्धारण गर्ने प्रयोजनका लागि जारी गरिएको भए तापनि यस मार्गदर्शनका विभिन्न चरणहरु ३ वर्षसम्म कैद हुने बैङ्किङ्ग कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्नको लागि समेत मार्गदर्शक रहनेछन्।
- मुद्दाको तथ्य, कसूरदार एवम् पीडितको अवस्था र परिस्थितिलाई मध्यनजर गर्दा यस सामान्य मार्गदर्शनको कुनै चरण अवलम्वन गर्न नसकिने वा न्यायको रोहमा उपयुक्त नहुने देखेमा फैसलामा सोको कारण खुलाई यस मार्गदर्शनको कुनै चरण अवलम्वन नगरी सजाय निर्धारण गर्न बाधा पर्ने छैन।

## परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस सामान्य मार्गदर्शनमा,-

(क) "कसूरदार" भन्नाले बैङ्किङ्ग कसूर सम्बन्धी मुद्दामा कसूरदार ठहर भएको प्रतिवादी सम्झनु पर्छ।

(ख) "कैद सजायको आधार विन्दु" भन्नाले बैङ्किङ्ग कसूर सम्बन्धी मुद्दामा कसूरदारलाई सजाय निर्धारण गर्ने प्रयोजनका लागि कसूरको गम्भीरता बढाउने अवस्था विद्यमान भएमा कैद सजायको अवधी बढाउने र कसूरको गम्भीरता घटाउने अवस्था विद्यमान भएमा कैद सजायको अवधी घटाउने प्रयोजनका लागि कसूरदारलाई हुन सक्ने सजायको दायराका आधारमा तय गरिएको कैद सजायको सुरुवाती बिन्दु (Starting point) सम्झनु पर्छ।

(ग) "कैद सजायको दायरा" भन्नाले ऐनको सम्बन्धित दफामा व्यवस्था भएको माथिल्लो वा माथिल्लो र तल्लो सजायको फासला सम्झनु पर्छ।

## संक्षिप्त शब्द सूची

| | |
|---|---|
| अपराध संहिता- | मुलुकी अपराध (संहिता) ऐन, २०७४ |
| ऐन- | बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ |
| पीडित संरक्षण ऐन- | अपराध पीडित संरक्षण ऐन, २०७५ |
| फौजदारी कार्यविधि नियमावली- | मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ |
| फौजदारी कार्यविधि संहिता- | मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ |
| सङ्गठित अपराध ऐन- | सङ्गठित अपराध निवारण ऐन, २०७० |
| सजाय निर्धारण ऐन- | फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ |
| सजाय निर्धारण नियमावली- | फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) नियमावली, २०७५ |

## विषय सूची


| भाग | कसूर | पृष्ठ |
|---|---|---|
| भाग-१ | दफा ५, ६, ७ को खण्ड (घ), (घ१), (घ२), (ङ), (च), (छ), (ज), (झ) र (ञ), दफा ८, ९, १०, १२ र १४ मा उल्लिखित रु. ५० लाखभन्दा बढी रु. १ करोडसम्म बिगो भएको बैङ्किङ्ग कसूर | ८ |
| भाग-२ | दफा ५, ६, ७ को खण्ड (घ), (घ१), (घ२), (ङ), (च), (छ), (ज), (झ) र (ञ), दफा ८, ९, १०, १२ र १४ मा उल्लिखित रु. १ करोडभन्दा बढी रु. १० करोडसम्म बिगो भएको बैङ्किङ्ग कसूर | १५ |
| भाग-३ | दफा ५, ६, ७ को खण्ड (घ), (घ१), (घ२), (ङ), (च), (छ), (ज), (झ) र (ञ), दफा ८, ९, १०, १२ र १४ मा उल्लिखित रु. रु. १० करोडभन्दा बढी रु. ५० करोडसम्म बिगो भएको बैङ्किङ्ग कसूर | १८ |
| भाग-४ | दफा ५, ६, ७ को खण्ड (घ), (घ१), (घ२), (ङ), (च), (छ), (ज), (झ) र (ञ), दफा ८, ९, १०, १२ र १४ मा उल्लिखित रु. ५० करोडभन्दा बढी रु. १ अर्बसम्म बिगो भएको बैङ्किङ्ग कसूर | २१ |
| भाग-५ | दफा ५, ६, ७ को खण्ड (घ), (घ१), (घ२), (ङ), (च), (छ), (ज), (झ) र (ञ), दफा ८, ९, १०, १२ र १४ मा उल्लिखित रु. १ अर्बभन्दा बढी जतिसुकै रुपैयाँ बिगो भएको बैङ्किङ्ग कसूर | २४ |
| भाग-६ | दफा ७ को खण्ड (क), (ख) र (ग) वा दफा १३ मा उल्लिखित बैङ्किङ्ग कसूर | २७ |
| भाग-७ | दफा १२क., १४क. वा १४ख. मा उल्लिखित रु. ५० लाखदेखि भन्दा बढी रु. ५ करोडसम्म बिगो भएको बैङ्किङ्ग कसूर | २९ |
| भाग-८ | दफा १२क., १४क. वा १४ख. मा उल्लिखित रु. ५ करोडदेखि भन्दा बढी रु. ५० करोडसम्म बिगो भएको बैङ्किङ्ग कसूर | ३१ |
| भाग-९ | दफा १२क., १४क. वा १४ख. मा उल्लिखित रु. ५० करोडदेखि जतिसुकै रुपैयाँ बिगो भएको बैङ्किङ्ग कसूर | ३३ |
| भाग-१० | बैङ्किङ्ग कसूर गर्न षडयन्त्र गर्ने वा दुरुत्साहन दिने वा उद्योग गर्ने वा मतियार हुने सम्बन्धी कसूर | ३५ |

**भाग -१**

**कसूरः** ऐनको दफा ५, ६, ७ को खण्ड (घ), (घ१), (घ२), (ङ), (च), (छ), (ज), (झ) र (ञ), दफा ८, ९, १०, १२ र १४ मा उल्लिखित रु. ५० लाखभन्दा बढी रु. १ करोडसम्म विगो भएको बैङ्किङ्ग कसूर ।

**सम्बद्ध कानूनः** बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४

| दफा/उपदफा/खण्ड | कसूर | सजाय |
|---|---|---|
| ▪ ५<br>▪ ६<br>▪ ७(घ)<br>▪ ७(घ१)<br>▪ ७(घ२)<br>▪ ७(ङ)<br>▪ ७(च)<br>▪ ७(छ)<br>▪ ७(ज)<br>▪ ७(झ)<br>▪ ७(ञ)<br>▪ ८<br>▪ ९<br>▪ १०<br>▪ १२<br>▪ १४<br>▪ १५ (२) | रु.५० लाखभन्दा बढी १ करोडसम्मको रकम,-<br>▪ अनधिकृत रुपमा अन्य व्यक्तिको खाताबाट निकाल्ने वा अनधिकृत रुपमा ग्राहकको खताबाट रकम रकमान्तर गर्ने वा रकम भुक्तानी दिने,<br>▪ क्रेडिट कार्ड, डेबिट कार्ड, एटिएम कार्ड वा अन्य विद्युतीय माध्यमको दुरुपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिने वा दिने,<br>▪ आफूलाई प्राप्त भएको अख्तियारी वा स्वीकृत सीमा भन्दा बाहिर गई कर्जा सुविधा वा सहुलियत प्राप्त गर्ने वा उपलब्ध गराउने,<br>▪ बैङ्क वा वित्तिय संस्थाको प्रमुख कार्यकारी अधिकृत वा कर्मचारीले नियम बमोजिम पाउने कर्मचारी सुवधा अन्तर्गतको कर्जा वा सापटी बाहेक अन्य तवरले आफ्नो बैक वा वित्तिय संस्थाबाट कर्जा वा सापटी लिने,<br>▪ मुद्दती रसिद वा सुन वा सरकारी ऋणपत्रको सुरक्षणमा कर्जा लिए बाहेक बैङ्क वा वित्तिय संस्थाको संस्थापक,सञ्चालक वा कानून बमोजिम वित्तिय स्वार्थ रहेको मानिने शेयरधनी वा निजको परिवारको सदस्यले आफ्नो बैङ्क वा वित्तिय संस्थाबाट कर्जा लिने,<br>▪ सुरक्षणको मूल्यले खामेको हदसम्म सहवित्तियकरण सम्बन्धी कानून बमोजिम पारिपासु हुने गरी कर्जा दिने वा लिने बाहेक एकपटक बैङ्क वा वित्तीय संस्थालाई दिइसकेको सुरक्षण रितपूर्वक फुकुवा नभई सोही सुरक्षण अर्को बैङ्क वा वित्तिय संस्थामा राखी पुनः कर्जा लिने वा दिने,<br>▪ व्यवसाय सञ्चालन गर्न सक्ने वित्तिय हैसियत नभएको वा आफूले अनुचित प्रभाव पार्न सक्ने व्यक्तिको नाममा संस्था स्थापना गराई त्यस्तो संस्था मार्फत वा नक्कली ऋणि मार्फत कर्जा लिने वा सो कुरा जानी जानी कर्जा दिने वा कर्जा लिने दिने कार्य गर्ने वा गराउने,<br>▪ ग्रहकको कारोबारको तुलनामा आवश्यकताभन्दा बढी कर्जा दिने,<br>▪ कर्जा सुविधा उपलब्ध गराए बापत अनुचित लाभ लिने वा दिने,<br>▪ बैक वा वित्तिय संस्थाका संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा ऋण प्रवाह गर्न अख्तियारप्राप्त व्यक्तिले आफूले समेत ऋण सुविधा उपभोग गर्ने मनसायले नक्कली ऋणि खडा गरी त्यस्तो ऋणको पूरै वा आंशिक रकम भुक्तानी लिने वा दिने,<br>▪ बैक वा वित्तिय संस्थाका संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा ऋण प्रवाह गर्न अख्तियारप्राप्त व्यक्तिले आफ्नो वित्तीय स्वार्थ गाँसिएको कुनै व्यक्ति वा संस्थाको नाममा ऋण प्रवाह गर्ने,<br>▪ बैक वा वित्तिय संस्थाबाट जुन प्रयोजनका लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी वा गराई कर्जाको दुरुपयोग गर्ने वा गराउने,<br>▪ कर्मचारी सुविधा अन्तर्गत कर्जा वा सापटी लिएको वा सञ्चालक समितिको स्वीकृति लिई नजिकको नातेदारलाई कर्जा वा सुवधा दिएको बाहेक बैङ्क वा | ३ वर्षदेखि ४ वर्षसम्म कैद र विगो बमोजिम जरिबाना |

| | | |
|---|---|---|
| | वित्तिय संस्थाको संस्थापक सञ्चालक वा विततिय स्वार्थ रहर्को मानिने शेयरधनी वा प्रमुख कार्यकारी अधिकृत, कर्मचारी, म्यानेजिङ्ग एजेन्ट वा सम्बद्ध व्यक्ति वा निजको परिवारको सदस्यले बैङ्क वा वित्तिय संस्थाबाट सुविधा लिई वा अन्य तरिकाले स्रोत साधनको दुरुपयोग गर्ने,<br>▪ निक्षेपकर्ता वा बैङ्क वा वित्तिय संस्थाको हित प्रतिकुल सम्पत्ति खर्च गर्ने वा गराउने,<br>▪ सम्पत्ति लिलाम बिक्री गर्दा वा अन्य कारोबार गर्दा आर्थिक अनियमितता गर्ने,<br>▪ ऋण तिर्ने प्रयोजनका लागि खाता खोलेको वा दैनिक जीवनयापनको लागि चाहिने आधारभूत खर्चको प्रयोजनका लागि तोकिएको हदसम्मको रकम निकालेको बाहेक कालो सूचीमा परेको ऋणीले आफूले तिर्नु पर्ने कर्जा नतिरी स्वदेश वा विदेशी संस्थामा खाता खोली रकम राख्ने, त्यस्तो खातालाई निरन्तरता दिने वा सञ्चालन गर्ने वा अन्य कुनै तरिकाले चल अचल सम्पत्ति खरीद गर्ने वा त्यस्तो सम्पत्ति उपर हक भोग प्राप्त गर्ने,<br>▪ बैक वा वित्तिय संस्थाको कुनै कागजात वा खाता बहिमा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाइ वा उडाई अर्कै मतलब निस्कने व्यहोरा पारी मिलाई लेख्ने जस्ता काम गरेबाट आफू वा अरु कसैलाई फाइदा वा हानी नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्ने वा अर्काको हानी नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको भनी वा मिति अङ्क वा व्यहोरा फरक पारी सही छाप गरी गराई कागज बनाई वा बनाउन लगाई जालसाजी गर्ने,<br>▪ बैङ्क वा वित्तिय संस्थालाई हानि नोक्सानी पुर्याउने उद्देश्यले कुनै काम गराउने वा नगराउने वा मोलाहिजा गर्ने वा नगर्ने, कुनै किसिमको रकम लिने वा दिने, विना मूल्य वा कम मूल्यमा कुनै मालवस्तु वा सेवा लिने वा दिने, दान, दातव्य, उपहार वा चन्दा लिने वा दिने, गलत लिखत तयार गर्ने वा गराउने, अनुवाद गर्ने वा गराउने वा गैरकानुनी लाभ वा हानी पुर्याउने बदनियले कुनै कार्य गर्ने वा गराउने । | |

**पहिलो चरणः** (कसूरको वर्ग यकिन गर्ने) यस कसूरमा कसूरदारलाई हुने कैदको माथिल्लो र तल्लो हदको तथा विगो बमोजिम निश्चित जरिबानाको व्यवस्था सम्बन्धित दफामा नै रहेको र सजायको दायरा धेरै फराकिलो नरहेको कारण यस कसूरमा सजाय निर्धारणको प्रयोजनका लागि कसूरको वर्ग विभाजन गर्न आवश्यक नपर्ने हुँदा यस कसूरका हकमा कसूरको वर्ग यकिन गर्न नपर्ने।

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) सम्बन्धित दफामा भएको सजायको दायराका आधारमा यस कसूरको कसूरदारलाई कैद सजाय निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको दायरा (Range) |
|---|---|---|---|
| - | ऐनको दफा ५, ६, ७ को खण्ड (घ), (घ१), (घ२), (ङ), (च), (छ), (ज), (झ) र (ञ) , दफा ८, ९, १०, १२ र १४ मा उल्लिखित रु. ५० लाखभन्दा | ३ वर्ष ६ महिना कैद | ३ वर्षदेखि ४ वर्षसम्म कैद |

| | | | |
|---|---|---|---|
| | बढी रु. १ करोडसम्म बिगो भएको बैङ्किङ्ग कसूर | | |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिम देहायका कुनै वा सबै उद्देश्य विचार गर्ने।

| **सजायका उद्देश्य** |
|---|
| ▪ कसूर गर्न कसूरदार वा अन्य व्यक्तिलाई हतोत्साहित गर्ने,<br>▪ समाज वा समुदायलाई सुरक्षा गर्ने,<br>▪ पीडितलाई क्षतिपूर्ति सहित न्याय प्रदान गर्ने,<br>▪ कसूरदारलाई समाजमा पुनस्थापना गर्न सहयोग गर्ने वा सुधार गर्ने,<br>▪ कसूरदारलाई समाजबाट अलग राख्ने,<br>▪ कसूरदारलाई आफ्नो कार्यप्रति पश्चाताप बोध गराई पीडित व्यक्ति वा समुदायलाई हानि नोक्सानी भएको छ भन्ने कुराको अनुभूति गराउने,<br>▪ कानूनद्वारा निषेधित आचरणको निन्दा गर्ने। |

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा देहायका सिद्दान्तहरुको अवलम्वन गर्ने।

| **सजाय निर्धारण गर्ने आधार** |
|---|
| सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२),<br>▪ दुई वा सोभन्दा बढी कामबाट कुनै कसूर हुने रहेछ र त्यस्ता काम मध्ये कुनै एक काम छुट्टै कसुर हुने रहेछ भने सबैभन्दा बढी सजाय हुने कसूरमा मात्र सजाय गर्ने।<br>सजाय निर्धारण ऐनको दफा १४,<br>▪ कसूरको गम्भीरता र कसूरदारको दोषको मात्रा अनुसार सजाय समानुपातिक भन्दा बढी सजाय नगर्ने,<br>▪ सजायको उद्देश्य प्राप्त गर्न आवश्यक हुने भन्दा चर्को सजाय नगर्ने,<br>▪ उस्तै परिस्थितिमा घटेको कसूरको अर्को कसूरदारलाई पहिले दिइएको सजायसग अमिल्दो वा असमान सजाय हुन नहुने गरी सजाय निर्धारण गर्ने।<br>▪ एकभन्दा बढी कसूरको लागि सजाय गर्दा वा कुनै कसूरमा सजाय भोगी रहेको कसूरदारलाई अर्को कसूर बापत सजाय गर्दा समग्र सजाय उचित र समानुपातिकभन्दा बढी हुन नहुने गरी सजाय निर्धारण गर्ने।<br>▪ कसूरको अनुपातमा अन्य सजाय नै पर्याप्त हुने देखिएमा कैद सजाय नगर्ने।<br>सजाय निर्धारण ऐनको दफा १५ बमोजिम देहायका कुरालाई आधार लिनेः-<br>▪ कसुरको गम्भीरता र कसूरदारको दोषको मात्रा,<br>▪ कसूर गर्दाको परिस्थिति,<br>▪ कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्थाहरु,<br>▪ कसूरदारको आचरण र विगतको कृयाकलाप,<br>▪ जघन्य वा गम्भीर प्रकृतिका कसूर गर्ने कसूरदारलाई कैद सजाय,<br>▪ पटके कसूरदारलाई पछिल्लो कसूर बापत हुने सजायको दोब्बर थप सजाय,<br>▪ समाज वा समुदायलाई खतरा हुने कसूरदारलाई कैद सजाय,<br>▪ कुनै सरकारी कार्यालय वा सार्वजनिक वा सङ्गठित संस्थाको पद वा ओहदामा बहाल रही त्यस्तो पद वा ओहोदाको दुरुपयोग गरी कसूर गर्ने कसूरदारलाई त्यस्तो कसूरमा हुने सजायको डेढी सजाय। |

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध सहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने।

| **कसूरको गम्भीरता बढाउने अवस्था** | **कसूरको गम्भीरता घटाउने अवस्था** |
|---|---|
| ▪ राष्ट्रपति वा सरकार प्रमुख वा विदेशी राज्य प्रमुखको बिरुद्ध कसूर गरेको,<br>▪ विश्वासको दुरुपयोग गरी कसूर गरेको,<br>▪ कुनै सार्वजनिक पदको लाभ उठाई वा दुरुपयोग गरी कसूर गरेको,<br>▪ सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो पदीय कर्तव्य पालन गर्न लागेकोमा बाधा पुर्याउने वा निजलाई कुनै गैरकानूनी काम गर्न लगाउने नियतले कसूर गरेको,<br>▪ कुनै सरकारी कार्यालय, सार्वजनिक कार्यालय वा धार्मिक स्थलमा कसूर गरेको,<br>▪ पाँच वा पाँचभन्दा बढी व्यक्तिहरु समूहमा आवद्ध भई कसूर गरेको,<br>▪ सार्वजनिक शान्ति खलबलिएको, बाढी, पहिरो, भूकम्प वा त्यस्तै प्रकृतिको दैवी प्रकोप भएको महामारी फैलिएको, अनिकाल परेको वा त्यस्तै किसिमको अन्य कुनै सङ्कटको लाभ लिई कसूर गरेको,<br>▪ हातहतियार वा विषालु वा विष्फोटक पदार्थ साथमा लिई वा प्रयोग गरी वा विद्युत प्रवाह गरी वा विद्युतीय उपकरण प्रयोग गरी कसूर गरेको वा हातहतियार वा विषालु वा विष्फोटक पदार्थ लिएको मानिसको मद्दतबाट कसूर गरेको,<br>▪ एक पटक कैद सजाय पाएको कसूरदारले पुनः कसूर गरेको,<br>▪ कुनै पारितोषिक वा आश्वासन वा लाभको प्रलोभन पाउन कसूर गरेको,<br>▪ आफ्नो संरक्षण वा नियन्त्रणमा रहेको व्यक्तिलाई प्रयोग गरी कसूर गरेको,<br>▪ कसैलाई क्रुर यातना, अमानवीय वा अपमानजन्य व्यवहार गरी कसूर गरेको,<br>▪ एकै वारदातमा एकभन्दा बढी कसूर गरेको,<br>▪ एकै वारदातमा एकभन्दा बढी व्यक्तिका बिरुद्ध कसूर गरेको,<br>▪ कसैलाई अपहरण गरी वा शरीर बन्धक लिई कसूर गरेको,<br>▪ नियोजित वा सङ्गठित रुपमा कसूर गरेको,<br>▪ थुना, हिरासत, कैद वा नियन्त्रणमा रहेको व्यक्तिलाई प्रयोग गरी कसूर गरेको,<br>▪ कुनै व्यक्तिको सुरक्षाको कर्तव्य भएका व्यक्तिले आफूले | ▪ कसूरदारको उमेर अठार वर्षभन्दा कम वा पचहत्तर वर्षभन्दा माथि भएको,<br>▪ कसूरदारको कसूर गर्ने नियत नभएको,<br>▪ जुन व्यक्तिको बिरुद्ध कसूर भएको छ त्यस्तो व्यक्तिले कसूरदारलाई कसूर हुनुभन्दा तत्कालअघि उत्तेजित गरेको वा धम्की दिएको,<br>▪ कसूरदार वा निजको कुनै नजिकको नातेदारका बिरुद्ध गरिएको कुनै गम्भीर कसूरको प्रतिकारको रुपमा तत्कालै कसूर भएको,<br>▪ कसूरदारले स्वेच्छाले कसूर स्वीकार गरेको वा त्यस्तो कसूर गरे बापत पश्चाताप गरेको,<br>▪ कसूरदारले सम्बन्धित अधिकारी समक्ष आत्मसर्मपण गरेको,<br>▪ कसूरदारले आफूले गरेको कसूर स्वीकार गरी पीडितलाई क्षतिपूर्ति दिइसकेको वा दिन मञ्जुर गरेको,<br>▪ शारीरिक, मानसिक तथा अपाङ्गताको कारणले गर्दा कसूरदारको क्षमता ह्रास भएको,<br>▪ अदालतमा साँचो कुरा व्यक्त गरी न्यायिक प्रकृयामा सहयोग पुर्याएको,<br>▪ कसूर स्वीकार गरी भविष्यमा फौजदारी कसूर |

| | |
|---|---|
| सुरक्षा गर्नु पर्ने व्यक्तिको बिरुद्ध कसूर गरेको,<br>▪ पचहत्तर वर्षमाथिको वृद्धावस्था वा शारीरिक वा मानसिक अस्वस्थताले गर्दा होस ठेगानमा नरहेको वा अपाङ्गताको कारणले आफ्नो बचाउ गर्न सक्ने स्थितिमा नभएको व्यक्ति वा बालबालिकालाई प्रयोग गरी कसूर गरेको,<br>▪ सवारी साधन, विमान दुर्घटना वा प्राकृतिक प्रकोप पर्दा उद्धार गर्ने काममा खटिँदा कसूर गरेको,<br>▪ एकपटक कुनै कसूरबाट पीडित भैसकेको व्यक्तिका बिरुद्ध सोही कसूरदारले अर्को कसूर गरेको, वा<br>▪ कसूरदारको उमेर, लैङ्गिक स्थिति, व्यक्तिगत, सामाजिक साँस्कृतिक पृष्ठभूमि, कसूर गर्दाको परिस्थिति, कसूर गर्नु अघिको चालचलन लगायतका तर्कसङ्गत रुपमा देखिएका अन्य कुरा। | नगर्ने प्रतिवद्धता व्यक्त गरेको,<br>▪ कसैको बहकाउ वा दवावमा अपराध गरेको, वा<br>▪ कसूरदारको उमेर, लैङ्गिक स्थिति, व्यक्तिगत, सामाजिक साँस्कृतिक पृष्ठभूमि, कसूर गर्दाको परिस्थिति, कसूर गर्नु अघिको चालचलन लगायतका तर्कसङ्गत रुपमा देखिएका अन्य कुरा। |

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरको कसूरदारलाई कसूर गरेबापत विगो बमोजिम जरिबाना हुने भएकोले कसूरमा निर्धारण भएको विगो बमोजिम जरिबाना निर्धारण गर्ने।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई देहाय बमोजिम थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने।

| **थप सजाय हुन सक्ने अवस्था** |
|---|
| अपराध संहिताको,<br>▪ दफा ४३ बमोजिम एउटै वारदातमा एकभन्दा बढी कसूर गरेको वा भिन्न भिन्न वारदातमा भिन्न भिन्न कसूर गरेको अवस्था भएमा डेढी सजाय हुने।<br>▪ दफा ४४ बमोजिम कुनै कसूरमा सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान गरेको वा माफी पाएको ५ वर्ष अवधी पूरा नहुँदै अर्को गम्भीर कसूर गरेमा पछिल्लो पटक गरेको कसूरमा हुने सजायको दोब्बरसम्म सजाय हुने।<br>▪ दफा १९७ को उपदफा (३) बमोजिम यो कसूर गर्न सजिलो पार्ने नियतले बेहोस पार्ने कार्य भएको र त्यस्तो कसूर भइसकेको रहेछ भने त्यस्तो कसूर बापत १ वर्षसम्म कैद र रु १० हजारसम्म जरिबाना सजाय थप हुने।<br>▪ दफा २१४ को उपदफा (२) बमोजिम कसैले अपहरण गरी वा शरीर बन्धक लिई वा अपहरण गरी शरीर बन्धक लिई यो कसूर गरेको रहेछ भने निजलाई यस कसूर बापतको सजायमा दफा २१४ को उपदफा (१) बमोजिमको सजाय थप हुने।<br>ऐनको,<br>▪ दफा १५ को उपदफा (८) बमोजिम यो कसूर गर्ने व्यक्ति सम्बन्धित संस्थाको अध्यक्ष, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत भएमा निजलाई ऐन बमोजिम हुने सजायमा १ वर्षसम्म थप सजाय हुने।<br>सङ्गठित अपराध ऐनको,<br>▪ दफा ९ को उपदफा (१) को खण्ड (क) बमोजिम यो कसूर सङ्गठित रुपमा गरेको भएमा प्रचलित कानून बमोजिम हुने सजायको अतिरिक्त ५० प्रतिशत थप सजाय हुने। |

- यस कसूर गर्ने कसूरदारलाई थप सजायको रुपमा निश्चित अवधिको कैद तथा निश्चित रकमको जरिबाना हुने भएमा सोही बमोजिम थप सजाय निर्धारण गर्नु पर्ने।

- यस कसूर गर्ने कसूरदारलाई हुन सक्ने थप सजाय न्यायिक स्वविवेकमा निर्धारण गर्नु पर्ने प्रकृतिको भएमा कसूरदारलाई थप सजाय गर्दा कसूरको गम्भीरता, कसूरदारको भूमिका र आपराधिक पृष्ठभूमि समेतका कुराहरुलाई समग्रतामा विचार गरी उपयुक्त थप सजाय निर्धारण गर्नु पर्ने।

**नवौं चरणः** **(सजायमा छुट दिने)** ऐनको दफा २६ बमोजिम यस कसूरमा अनुसन्धानको काम कारवाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकारीले आफ्नो साक्षीको रुपमा प्रस्तुत गरी सजायको माग दावीमा पूर्ण वा आंशिक छुट दिने गरी अभियोगपत्र दायर भएको भए फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)** यो कसूर गर्न प्रयोग गरिएको वा कसुरबाट आर्जन गरिएको सम्पत्ति तथा साधन जफत गर्ने।

**एघारौं चरणः** **(विगो निर्धारण गर्ने)** यस कसूर गर्ने कसूरदारलाई जरिबानाको सजाय निर्धारण गर्ने तथा ऐनको दफा १५ बमोजिम कसूर गरी पुर्याएको हानी नोक्सानीको विगो प्रतिवादीबाट भराउने प्रयोजनका लागि कसूरदारले गरेको कसूरको विगो निर्धारण गर्ने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)**

- यस कसूरबाट पीडितलाई क्षतिपूर्ति भराई दिने व्यवस्था नभएको हुँदा यो चरण आकर्षित नहुने।
- फैसला गर्दा पीडित संरक्षण ऐनको दफा ४१ बमोजिम लाग्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नु पर्ने।

**तेह्रौं चरणः** **(अन्य आदेश)** फौजदारी कार्यविधि संहिताको दफा १५५ वा सजाय निर्धारण ऐनको दफा २२, २४, २५, २६ वा २७ बमोजिम आदेश हुन नसक्ने भएकोले आकर्षित नहुने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा देहायका आधारमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने।

- नैतिक पतन देखिने अभियोगमा सजाय पाएको मानिने कानूनी व्यवस्था (जस्तैः बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६७ को उपदफा (२) तथा लिखतहरुको गोप्यता सम्बन्धी ऐन, २०३९ को दफा १२ को उपदफा (२))
- सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (जस्तैः ने.काप.२०३० को नि.नं. ७७४ मा डाका र खूनको अपराध सामाजिक नैतिकता विरुद्धको अपराध हुने/समाजको नैतिक मूल्य वा आदेशलाई कुनै निरपेक्ष र अपरिवर्तनीय विषयबस्तु जस्तो गरी कुनै एउटा समाजमा कायम रहेको नैतिक मूल्य वा आदर्शको आधारमा सधैं र सबै परिस्थितिका लागि नैतिक पतन देखिने फौज्दारी अपराधको किटुवा सूची तयार गरी स्पष्टीकरण वा परिभाषा दिन खोज्नु उचित नहुने/ हाम्रो कानूनी व्यवस्थाले त्यस्तो अपराध छुटाउने कार्य न्यायिक विवेकमा छोडेको छ र न्यायकर्ताले पनि विषय र सन्दर्भलाई विचार गरेर मात्र त्यससम्बन्धमा कुनै निष्कर्षमा पुग्नु पर्ने।
- ने.का.प. २०६७ निर्णय नं. ८५०७ मा महिलालाई इच्छाविपरीत अनतिक्रम्य शरीरको पवित्रताको अपहरण गरी जवरजस्ती करणी गर्नु कानून विपरीत मात्र नभई गम्भीर अपराध पनि भएकाले सभ्य मानव समाजले यस्तो कार्यलाई नैतिकताविहीन कार्य मान्दछ । यस्तो नैतिकता विपरीतको कार्यलाई नै नैतिक पतन देखिने फौजदारी अपराध मान्नु पर्ने ।
- त्यसै गरी ने.काप.२०७३ को नि.नं. ९७०६ मा सामान्यतः समाजले गम्भीर एवं क्रूर मानेका सामाजिक सम्बन्ध, सौहार्दता एवं सद्भावलाई प्रतिकूल असर पार्ने र मनसायपूर्वक गरिएका हत्या, जबरजस्ती करणी, मानव बेचबिखन, लागु औषधको कारोबार, किर्ते जालसाजी, ठगी, भ्रष्टाचार, अपहरण, जबरजस्ती चन्दा असुली, डाँका चोरी, खोटा चलन, कर छली, अदालती कार्यमा हस्तक्षेप, नाबालक एवं आश्रित विरूद्धका कसुर, बहुविवाह जस्ता कसुरमा नैतिकताका प्रश्नहरू सन्निहित हुन्छन् र अपराध गर्दाको परिस्थिति, मनस्थिति, कसुरदारको व्यवहार र पीडित एवं समाजउपर परेको असर हेरी सोही

मुद्दा वा अन्य मुद्दाको परिप्रेक्ष्यमा नैतिक पतन देखिने अपराध हो वा होइन भनी यकिन गर्न सकिने हुन्छ।)

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने।

| **फौजदारी कार्यविधि संहिताको दफा १३१** | **सजाय निर्धारण ऐनको दफा १७** |
|---|---|
| ▪ मुद्दाको संक्षिप्त विवरण तथा सोसँग सम्बन्धित आवश्यक कुरा,<br>▪ मुद्दामा कुनै कानून व्यवसायीले बहस गरेको भए त्यस्तो बहसको मुख्य मुख्य बुँदा,<br>▪ मुद्दाका पक्षहरुले पेश गरेको प्रमाण, ती प्रमाणको विश्वसनियता वा खण्डनीय, त्यसको आधार, प्रमाणको पर्याप्तता वा अपर्याप्तता,<br>▪ मुद्दामा कुनै पक्षले कुनै कानूनी प्रश्न उठाएको भए त्यस सम्बन्धी कुरा,<br>▪ कसूर ठहर हुने वा नहुने आधार तथा त्यसको कारण,<br>▪ पुनरावेदन लाग्ने वा नलाग्ने र पुनरावेदन गर्नु पर्ने अदालत,<br>▪ अन्य आवश्यक कुराहरु। | ▪ सजाय गर्नु पर्ने कारण,<br>▪ जरिबानाको सजाय निर्धारण गर्दा कसूरदारले बुझाउनु पर्ने जरिबानाको रकम, जरिबाना बुझाउनु पर्ने मिति, किस्ताबन्दीमा बुझाउन पाउने भए त्यस्तो कुरा र जरिबाना नतिरे बापत हुन सक्ने कैद सजाय,<br>▪ कैद सजाय निर्धारण गर्दा कैदको अवधि, थुनामा रहेको मिति, कैद भुक्तान हुने मिति,<br>▪ सामुदायिक सेवा गर्ने आदेश भएकोमा सेवाको किसिम, अवधि, समय र सेवा नगरे बापत हुन सक्ने सजाय,<br>▪ सुधार गृह वा पुनस्थापना केन्द्रमा कैद सजाय भुक्तान गर्ने गरी सजाय निर्धारण गर्दा त्यस्तो गृह वा केन्द्रमा बस्नु पर्ने अवधि, पालना गर्नु पर्ने शर्त र त्यस्तो शर्त उल्लङ्घन गरे बापत हुन सक्ने सजाय,<br>▪ कसूरदारलाई प्यारोलमा छोड्न सकिने वा नसकिने,<br>▪ कैद निलम्बन हुने भए कति अवधिसम्म निलम्बन हुने,<br>▪ विगो तिर्नु पर्ने भए विगोको रकम, तिर्नु पर्ने अवधि, तरिका र नतिरेमा हुन सक्ने सजाय,<br>▪ विगो बुझाउन ल्याएमा सोको सूचना दिने विषय,<br>▪ कसूरदारले क्षतिपूर्तिको रकम बुझाउन ल्याएमा पीडितलाई सोको सूचना दिने कुरा। |

**भाग -२**

**कसूरः** ऐनको दफा ५, ६, ७ को खण्ड (घ), (घ१), (घ२), (ङ), (च), (छ), (ज), (झ) र (ञ) , दफा ८, ९, १०, १२ र १४ मा उल्लिखित रु. १ करोडभन्दा बढी रु. १० करोडसम्म विगो भएको बैङ्किङ्ग कसूर।

**सम्बद्ध कानूनः** बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४

| दफा/उपदफा/खण्ड | कसूर | सजाय |
|---|---|---|
| ▪ ५<br>▪ ६<br>▪ ७(घ)<br>▪ ७(घ१)<br>▪ ७(घ२)<br>▪ ७(ङ)<br>▪ ७(च)<br>▪ ७(छ)<br>▪ ७(ज)<br>▪ ७(झ)<br>▪ ७(ञ)<br>▪ ८<br>▪ ९<br>▪ १०<br>▪ १२<br>▪ १४<br>▪ १५ (२) | रु. १ करोडभन्दा बढी १० करोडसम्मको रकम,-<br>▪ अनधिकृत रुपमा अन्य व्यक्तिको खाताबाट निकाल्ने वा अनधिकृत रुपमा ग्राहकको खताबाट रकम रकमान्तर गर्ने वा रकम भुक्तानी दिने,<br>▪ क्रेडिट कार्ड, डेबिट कार्ड, एटिएम कार्ड वा अन्य विद्युतीय माध्यमको दुरुपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिने वा दिने,<br>▪ आफूलाई प्राप्त भएको अख्तियारी वा स्वीकृत सीमा भन्दा बाहिर गई कर्जा सुविधा वा सहुलियत प्राप्त गर्ने वा उपलब्ध गराउने,<br>▪ बैङ्क वा वित्तिय संस्थाको प्रमुख कार्यकारी अधिकृत वा कर्मचारीले नियम बमोजिम पाउने कर्मचारी सुवधा अन्तर्गतको कर्जा वा सापटी बाहेक अन्य तवरले आफ्नो बैक वा वित्तिय संस्थाबाट कर्जा वा सापटी लिने,<br>▪ मुद्दती रसिद वा सुन वा सरकारी ऋणपत्रको सुरक्षणमा कर्जा लिए बाहेक बैङ्क वा वित्तिय संस्थाको संस्थापक,सञ्चालक वा कानून बमोजिम वित्तिय स्वार्थ रहेको मानिने शेयरधनी वा निजको परिवारको सदस्यले आफ्नो बैङ्क वा वित्तिय संस्थाबाट कर्जा लिने,<br>▪ सुरक्षणको मूल्यले खामेको हदसम्म सहवित्तियकरण सम्बन्धी कानून बमोजिम पारिपासु हुने गरी कर्जा दिने वा लिने बाहेक एकपटक बैङ्क वा वित्तीय संस्थालाई दिइसकेको सुरक्षण रितपूर्वक फुकुवा नभई सोही सुरक्षण अर्को बैङ्क वा वित्तिय संस्थामा राखी पुनः कर्जा लिने वा दिने,<br>▪ व्यवसाय सञ्चालन गर्न सक्ने वित्तिय हैसियत नभएको वा आफूले अनुचित प्रभाव पार्न सक्ने व्यक्तिको नाममा संस्था स्थापना गराई त्यस्तो संस्था मार्फत वा नक्कली ऋणि मार्फत कर्जा लिने वा सो कुरा जानी जानी कर्जा दिने वा कर्जा लिने दिने कार्य गर्ने वा गराउने,<br>▪ ग्रहकको कारोबारको तुलनामा आवश्यकताभन्दा बढी कर्जा दिने,<br>▪ कर्जा सुविधा उपलब्ध गराए बापत अनुचित लाभ लिने वा दिने,<br>▪ बैक वा वित्तिय संस्थाका संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा ऋण प्रवाह गर्न अख्तियारप्राप्त व्यक्तिले आफूले समेत ऋण सुविधा उपभोग गर्ने मनसायले नक्कली ऋणि खडा गरी त्यस्तो ऋणको पूरै वा आंशिक रकम भुक्तानी लिने वा दिने,<br>▪ बैक वा वित्तिय संस्थाका संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा ऋण प्रवाह गर्न अख्तियारप्राप्त व्यक्तिले आफ्नो वित्तीय स्वार्थ गाँसिकएको कुनै व्यक्ति वा संस्थाको नाममा ऋण प्रवाह गर्ने,<br>▪ बैक वा वित्तिय संस्थाबाट जुन प्रयोजनका लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्त्र प्रयोग गरी वा गराई कर्जाको दुरुपयोग गर्ने वा गराउने<br>▪ कर्मचारी सुविधा अन्तर्गत कर्जा वा सापटी लिएको वा सञ्चालक समितिको स्वीकृति लिई नजिकको नातेदारलाई कर्जा वा सुवधा दिएको बाहेक बैङ्क वा वित्तिय संस्थाको संस्थापक सञ्चालक वा वितितय स्वार्थ रहर्को मानिने शेयरधनी | ४ वर्षदेखि ६ वर्षसम्म कैद र विगो बमोजिम जरिबाना |

| | | |
|---|---|---|
| | वा प्रमुख कार्यकारी अधिकृत, कर्मचारी, म्यानेजिङ्ग एजेन्ट वा सम्बद्ध व्यक्ति वा निजको परिवारको सदस्यले बैङ्क वा वित्तिय संस्थाबाट सुविधा लिई वा अन्य तरिकाले स्रोत साधनको दुरुपयोग गर्ने,<br>▪ निक्षेपकर्ता वा बैङ्क वा वित्तिय संस्थाको हित प्रतिकुल सम्पत्ति खर्च गर्ने वा गराउने,<br>▪ सम्पत्ति लिलाम बिक्री गर्दा वा अन्य कारोबार गर्दा आर्थिक अनियमितता गर्ने,<br>▪ ऋण तिर्ने प्रयोजनका लागि खाता खोलेको वा दैनिक जीवनयापनको लागि चाहिने आधारभूत खर्चको प्रयोजनका लागि तोकिएको हदसम्मको रकम निकालेको बाहेक कालो सूचीमा परेको ऋणीले आफूले तिर्नु पर्ने कर्जा नतिरी स्वदेश वा विदेशी संस्थामा खाता खोली रकम राख्ने , त्यस्तो खातालाई निरन्तरता दिने वा सञ्चालन गर्ने वा अन्य कुनै तरिकाले चल अचल सम्पत्ति खरीद गर्ने वा त्यस्तो सम्पत्ति उपर हक भोग प्राप्त गर्ने,<br>▪ बैक वा वित्तिय संस्थाको कुनै कागजात वा खाता बहिमा लेखिएको कुनै कुरा कुन तरिकाले हटाइ वा उडाई अर्कै मतलब निस्कने व्यहोरा पारी मिलाई लेख्ने जस्ता काम गरेबाट आफू वा अरु कसैलाई फाइदा वा हानी नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्ने वा अर्काको हानी नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको भनी वा मिति अङ्क वा व्यहोरा फरक पारी सही छाप गरी गराई कागज बनाई वा बनाउन लगाई जालसाजी गर्ने,<br>▪ बैङ्क वा वित्तिय संस्थालाई हानि नोक्सानी पुर्याउने उद्देश्यले कुनै काम गराउने वा नगराउने वा मोलाहिजा गर्ने वा नगर्ने, कुनै किसिमको रकम लिने वा दिने, विना मूल्य वा कम मूल्यमा कुनै मालवस्तु वा सेवा लने वा दिने, दान, दातव्य, उपहार वा चन्दा लिने वा दिने, गलत लिखत तयार गर्ने वा गराउने, अनुवाद गर्ने वा गराउने वा गैरकानुनी लाभ वा हानी पुर्याउने बदनियले कुनैकार्य गर्ने वा गराउने | |

**पहिलो चरणः** (कसूरको वर्ग यकिन गर्ने) यस कसूरमा कसूरदारलाई हुने कैद सजायको तल्लो र माथिल्लो दुवै हद तथा विगो बमोजिमको निश्चित जरावानाको व्यवस्था सम्बन्धित दफामा नै रहेको र सजायको दायरा धेरै फराकिलो नरहेको कारण यस कसूरमा सजाय निर्धारणको प्रयोजनका लागि कसूरको वर्ग विभाजन गर्न आवश्यक नपर्ने हुँदा यस कसूरका हकमा कसूरको वर्ग यकिन गर्न नपर्ने।

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) सम्बन्धित दफामा भएको सजायको दायराका आधारमा यस कसूरको कसूरदारलाई कैद सजाय निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको दायरा (Range) |
|---|---|---|---|
| - | ऐनको दफा ५, ६, ७ को खण्ड (घ), (घ१), (घ२), (ङ), (च), (छ), (ज), (झ) र (ञ) , दफा ८, ९, १०, १२ र १४ मा उल्लिखित रु. १ करोडभन्दा बढी रु. १० करोडसम्म विगो भएको बैङ्किङ्ग कसूर | ५ वर्ष कैद | ४ वर्षदेखि ६ वर्षसम्म कैद |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिमका कुनै वा सबै उद्देश्य विचार गर्ने। सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने सजायको उद्देश्य यसै सामान्य मार्गदर्शनको भाग-१ को तेस्रो चरणमा दिइएको छ।

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने। सजाय निर्धारण गर्दा लिनु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को चौथो चरणमा दिइएको छ।

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध सहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने। कसूरको गम्भीरता बढाउने तथा कसूरको गम्भीरता घटाउने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को पाँचौं चरणमा दिइएको छ।

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरको कसूरदारलाई कसूर गरेबापत विगो बमोजिम जरिबाना हुने भएकोले कसूरमा निर्धारण भएको विगो बमोजिम जरिबाना निर्धारण गर्ने।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने। कसूरदारलाई थप सजाय हुन सक्ने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को आठौं चरणमा दिइएको छ।

**नवौं चरणः** **(सजायमा छुट दिने)** ऐनको दफा २६ बमोजिम यस कसूरमा अनुसन्धानको काम कारवाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकारीले आफ्नो साक्षीको रुपमा प्रस्तुत गरी सजायको माग दावीमा पूर्ण वा आंशिक छुट दिने गरी अभियोगपत्र दायर भएको भए फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)** यो कसूर गर्न प्रयोग गरिएको वा कसुरबाट आर्जन गरिएको सम्पत्ति तथा साधन जफत गर्ने।

**एघारौं चरणः** **(विगो निर्धारण गर्ने)** यस कसूर गर्ने कसूरदारलाई जरिबानाको सजाय निर्धारण गर्ने तथा ऐनको दफा १५ बमोजिम कसूर गरी पुर्याएको हानी नोक्सानीको विगो प्रतिवादीबाट भराउने प्रयोजनका लागि कसूरदारले गरेको कसूरको विगो निर्धारण गर्ने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)**

- यस कसूरबाट पीडितलाई क्षतिपूर्ति भराई दिने व्यवस्था नभएको हुँदा यो चरण आकर्षित नहुने।
- फैसला गर्दा पीडित संरक्षण ऐनको दफा ४१ बमोजिम लाग्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नु पर्ने।

**तेह्रौं चरणः** **(अन्य आदेश)** यस कसूरमा कसूरदारलाई फौजदारी कार्यविधि संहिताको दफा १५५ वा सजाय निर्धारण ऐनको दफा २२,२४,२५,२६ वा २७ बमोजिम आदेश हुन नसक्ने भएकोले यो चरण आकर्षित नहुने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने। नैतिक पतन हुने वा नहुने अवस्थाको विश्लेषण गर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को चौधौं चरणमा दिइएको छ।

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने। फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को पन्ध्रौं चरणमा दिइएको छ।

**भाग -३**

**कसूरः** दफा ५, ६, ७ को खण्ड (घ), (घ१), (घ२), (ङ), (च), (छ), (ज), (झ) र (ञ), दफा ८, ९, १०, १२ र १४ मा उल्लिखित रु. १० करोडभन्दा बढी रु. ५० करोडसम्म विगो भएको बैङ्किङ्ग कसूर।

**सम्बद्ध कानूनः** बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४

| दफा | कसूर | सजाय |
|---|---|---|
| ▪ ५<br>▪ ६<br>▪ ७(घ)<br>▪ ७(घ१)<br>▪ ७(घ२)<br>▪ ७(ङ)<br>▪ ७(च)<br>▪ ७(छ)<br>▪ ७(ज)<br>▪ ७(झ)<br>▪ ७(ञ)<br>▪ ८<br>▪ ९<br>▪ १०<br>▪ १२<br>▪ १४<br>▪ १५ (२) | रु. १० करोडभन्दा बढी ५० करोडसम्मको रकम,-<br>▪ अनधिकृत रुपमा अन्य व्यक्तिको खाताबाट निकाल्ने वा अनधिकृत रुपमा ग्राहकको खताबाट रकम रकमान्तर गर्ने वा रकम भुक्तानी दिने,<br>▪ क्रेडिट कार्ड, डेबिट कार्ड, एटिएम कार्ड वा अन्य विद्युतीय माध्यमको दुरुपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिने वा दिने,<br>▪ आफूलाई प्राप्त भएको अख्तियारी वा स्वीकृत सीमा भन्दा बाहिर गई कर्जा सुविधा वा सहुलियत प्राप्त गर्ने वा उपलब्ध गराउने,<br>▪ बैङ्क वा वित्तिय संस्थाको प्रमुख कार्यकारी अधिकृत वा कर्मचारीले नियम बमोजिम पाउने कर्मचारी सुवधा अन्तर्गतको कर्जा वा सापटी बाहेक अन्य तवरले आफ्नो बैक वा वित्तिय संस्थाबाट कर्जा वा सापटी लिने,<br>▪ मुद्दती रसिद वा सुन वा सरकारी ऋणपत्रको सुरक्षणमा कर्जा लिए बाहेक बैङ्क वा वित्तिय संस्थाको संस्थापक,सञ्चालक वा कानून बमोजिम वित्तिय स्वार्थ रहेको मानिने शेयरधनी वा निजको परिवारको सदस्यले आफ्नो बैङ्क वा वित्तिय संस्थाबाट कर्जा लिने,<br>▪ सुरक्षणको मूल्यले खामेको हदसम्म सहवित्तियकरण सम्बन्धी कानून बमोजिम पारिपासु हुने गरी कर्जा दिने वा लिने बाहेक एकपटक बैङ्क वा वित्तीय संस्थालाई दिइसकेको सुरक्षण रितपूर्वक फुकुवा नभई सोही सुरक्षण अर्को बैङ्क वा वित्तिय संस्थामा राखी पुनः कर्जा लिने वा दिने,<br>▪ व्यवसाय सञ्चालन गर्न सक्ने वित्तिय हैसियत नभएको वा आफूले अनुचित प्रभाव पार्न सक्ने व्यक्तिको नाममा संस्था स्थापना गराई त्यस्तो संस्था मार्फत वा नक्कली ऋणि मार्फत कर्जा लिने वा सो कुरा जानी जानी कर्जा दिने वा कर्जा लिने दिने कार्य गर्ने वा गराउने,<br>▪ ग्रहकको कारोबारको तुलनामा आवश्यकताभन्दा बढी कर्जा दिने,<br>▪ कर्जा सुविधा उपलब्ध गराए बापत अनुचित लाभ लिने वा दिने,<br>▪ बैक वा वित्तिय संस्थाका संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा ऋण प्रवाह गर्न अख्तियारप्राप्त व्यक्तिले आफूले समेत ऋण सुविधा उपभोग गर्ने मनसायले नक्कली ऋणि खडा गरी त्यस्तो ऋणको पूरै वा आंशिक रकम भुक्तानी लिने वा दिने,<br>▪ बैक वा वित्तिय संस्थाका संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा ऋण प्रवाह गर्न अख्तियारप्राप्त व्यक्तिले आफ्नो वित्तीय स्वार्थ गाँसिकएको कुनै व्यक्ति वा संस्थाको नाममा ऋण प्रवाह गर्ने,<br>▪ बैक वा वित्तिय संस्थाबाट जुन प्रयोजनका लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्त्र प्रयोग गरी वा गराई कर्जाको दुरुपयोग गर्ने वा गराउने,<br>▪ कर्मचारी सुविधा अन्तर्गत कर्जा वा सापटी लिएको वा सञ्चालक समितिको स्वीकृति लिई नजिकको नातेदारलाई कर्जा वा सुवधा दिएको बाहेक बैङ्क वा वित्तिय संस्थाको संस्थापक सञ्चालक वा विवितय स्वार्थ रहर्को मानिने शेयरधनी वा प्रमुख कार्यकारी अधिकृत, कर्मचारी, म्यानेजिङ्ग एजेन्ट वा सम्बद्ध व्यक्ति वा निजको परिवारको सदस्यले बैङ्क वा वित्तिय संस्थाबाट सुविधा लिई वा अन्य तरिकाले स्रोत साधनको दुरुपयोग गर्ने, | ६ वर्षदेखि ८ वर्षसम्म कैद र विगो बमोजिम जरिबाना |

| | | |
|---|---|---|
| | ▪ निक्षेपकर्ता वा बैङ्क वा वित्तिय संस्थाको हित प्रतिकुल सम्पत्ति खर्च गर्ने वा गराउने,<br>▪ सम्पत्ति लिलाम बिक्री गर्दा वा अन्य कारोबार गर्दा आर्थिक अनियमितता गर्ने,<br>▪ ऋण तिर्ने प्रयोजनका लागि खाता खोलेको वा दैनिक जीवनयापनको लागि चाहिने आधारभूत खर्चको प्रयोजनका लागि तोकिएको हदसम्मको रकम निकालेको बाहेक कालो सूचीमा परेको ऋणीले आफूले तिर्नु पर्ने कर्जा नतिरी स्वदेश वा विदेशी संस्थामा खाता खोली रकम राख्ने , त्यस्तो खातालाई निरन्तरता दिने वा सञ्चालन गर्ने वा अन्य कुनै तरिकाले चल अचल सम्पत्ति खरीद गर्ने वा त्यस्तो सम्पत्ति उपर हक भोग प्राप्त गर्ने,<br>▪ बैक वा वित्तिय संस्थाको कुनै कागजात वा खाता बहिमा लेखिएको कुनै कुरा कुन तरिकाले हटाइ वा उडाई अर्कै मतलब निस्कने व्यहोरा पारी मिलाई लेख्ने जस्ता काम गरेबाट आफू वा अरु कसैलाई फाइदा वा हानी नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्ने वा अर्काको हानी नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको भनी वा मिति अङ्क वा व्यहोरा फरक पारी सही छाप गरी गराई कागज बनाई वा बनाउन लगाई जालसाजी गर्ने,<br>▪ बैङ्क वा वित्तिय संस्थालाई हानि नोक्सानी पुर्याउने उद्देश्यले कुनै काम गराउने वा नगराउने वा मोलाहिजा गर्ने वा नगर्ने, कुनै किसिमको रकम लिने वा दिने, विना मूल्य वा कम मूल्यमा कुनै मालवस्तु वा सेवा लने वा दिने, दान, दातव्य, उपहार वा चन्दा लिने वा दिने, गलत लिखत तयार गर्ने वा गराउने, अनुवाद गर्ने वा गराउने वा गैरकानुनी लाभ वा हानी पुर्याउने बदनियले कुनैकार्य गर्ने वा गराउने। | |

**पहिलो चरणः** (कसूरको वर्ग यकिन गर्ने) यस कसूरमा कसूरदारलाई हुने कैद सजायको तल्लो र माथिल्लो दुवै हद तथा विगो बमोजिमको निश्चित जरावानाको व्यवस्था सम्बन्धित दफामा नै रहेको र सजायको दायरा धेरै फराकिलो नरहेको कारण यस कसूरमा सजाय निर्धारणको प्रयोजनका लागि कसूरको वर्ग विभाजन गर्न आवश्यक नपर्ने हुँदा यस कसूरका हकमा कसूरको वर्ग यकिन गर्न नपर्ने।

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) सम्बन्धित दफामा भएको सजायको दायराका आधारमा यस कसूरको कसूरदारलाई कैद सजाय निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| **कसूरको वर्ग** | **कसूर** | **कैद सजायको आधार विन्दु** | **कैद सजायको दायरा (Range)** |
|---|---|---|---|
| - | दफा ५, ६, ७ को खण्ड (घ), (घ१), (घ२), (ङ), (च), (छ), (ज), (झ) र (ञ) , दफा ८, ९, १०, १२ र १४ मा उल्लिखित रु. रु. १० करोडभन्दा बढी रु. ५० करोडसम्म विगो भएको बैङ्किङ्ग कसूर। | ७ वर्ष कैद | ६ वर्षदेखि ८ वर्षसम्म कैद |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिमका कुनै वा सबै उद्देश्य विचार गर्ने। सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने सजायको उद्देश्य यसै सामान्य मार्गदर्शनको भाग-१ को तेस्रो चरणमा दिइएको छ।

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने। सजाय निर्धारण गर्दा लिनु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को चौथो चरणमा दिइएको छ।

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध सहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता

घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने। कसूरको गम्भीरता बढाउने तथा कसूरको गम्भीरता घटाउने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को पाँचौं चरणमा दिइएको छ।

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरको कसूरदारलाई कसूर गरेबापत विगो बमोजिम जरिबाना हुने भएकोले कसूरमा निर्धारण भएको विगो बमोजिम जरिबाना निर्धारण गर्ने।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने। कसूरदारलाई थप सजाय हुन सक्ने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को आठौं चरणमा दिइएको छ।

**नवौं चरणः** **(सजायमा छुट दिने)** ऐनको दफा २६ बमोजिम यस कसूरमा अनुसन्धानको काम कारवाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकारीले आफ्नो साक्षीको रुपमा प्रस्तुत गरी सजायको माग दावीमा पूर्ण वा आंशिक छुट दिने गरी अभियोगपत्र दायर भएको भए फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)** यो कसूर गर्न प्रयोग गरिएको वा कसुरबाट आर्जन गरिएको सम्पत्ति तथा साधन जफत गर्ने।

**एघारौं चरणः** **(विगो निर्धारण गर्ने)** यस कसूर गर्ने कसूरदारलाई जरिबानाको सजाय निर्धारण गर्ने तथा ऐनको दफा १५ बमोजिम कसूर गरी पुर्‍याएको हानी नोक्सानीको विगो प्रतिवादीबाट भराउने प्रयोजनका लागि कसूरदारले गरेको कसूरको विगो निर्धारण गर्ने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)**

- यस कसूरबाट पीडितलाई क्षतिपूर्ति भराई दिने व्यवस्था नभएको हुँदा यो चरण आकर्षित नहुने।
- फैसला गर्दा पीडित संरक्षण ऐनको दफा ४१ बमोजिम लाग्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नु पर्ने।

**तेह्रौं चरणः** **(अन्य आदेश)** यस कसूरमा कसूरदारलाई फौजदारी कार्यविधि संहिताको दफा १५५ वा सजाय निर्धारण ऐनको दफा २२,२४,२५,२६ वा २७ बमोजिम आदेश हुन नसक्ने भएकोले यो चरण आकर्षित नहुने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने। नैतिक पतन हुने वा नहुने अवस्थाको विश्लेषण गर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को चौधौं चरणमा दिइएको छ।

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने। फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को पन्ध्रौं चरणमा दिइएको छ।

**भाग -४**

**कसूरः** दफा ५, ६, ७ को खण्ड (घ), (घ१), (घ२), (ङ), (च), (छ), (ज), (झ) र (ञ), दफा ८, ९, १०, १२ र १४ मा उल्लिखित रु. ५० करोडभन्दा बढी रु. १ अर्बसम्म विगो भएको बैङ्किङ्ग कसूर।

**सम्बद्ध कानूनः** बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४

| दफा | कसूर | सजाय |
|---|---|---|
| ▪ ५<br>▪ ६<br>▪ ७(घ)<br>▪ ७(घ१)<br>▪ ७(घ२)<br>▪ ७(ङ)<br>▪ ७(च)<br>▪ ७(छ)<br>▪ ७(ज)<br>▪ ७(झ)<br>▪ ७(ञ)<br>▪ ८<br>▪ ९<br>▪ १०<br>▪ १२<br>▪ १४<br>▪ १५ (२) | रु. ५० करोडभन्दा बढी १ अर्बसम्मको रकम,-<br>▪ अनधिकृत रुपमा अन्य व्यक्तिको खाताबाट निकाल्ने वा अनधिकृत रुपमा ग्राहकको खताबाट रकम रकमान्तर गर्ने वा रकम भुक्तानी दिने,<br>▪ क्रेडिट कार्ड, डेबिट कार्ड, एटिएम कार्ड वा अन्य विद्युतीय माध्यमको दुरुपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिने वा दिने,<br>▪ आफूलाई प्राप्त भएको अख्तियारी वा स्वीकृत सीमा भन्दा बाहिर गई कर्जा सुविधा वा सहुलियत प्राप्त गर्ने वा उपलब्ध गराउने,<br>▪ बैङ्क वा वित्तिय संस्थाको प्रमुख कार्यकारी अधिकृत वा कर्मचारीले नियम बमोजिम पाउने कर्मचारी सुवधा अन्तर्गतको कर्जा वा सापटी बाहेक अन्य तवरले आफ्नो बैक वा वित्तिय संस्थाबाट कर्जा वा सापटी लिने,<br>▪ मुद्दती रसिद वा सुन वा सरकारी ऋणपत्रको सुरक्षणमा कर्जा लिए बाहेक बैङ्क वा वित्तिय संस्थाको संस्थापक,सञ्चालक वा कानून बमोजिम वित्तिय स्वार्थ रहेको मानिने शेयरधनी वा निजको परिवारको सदस्यले आफ्नो बैङ्क वा वित्तिय संस्थाबाट कर्जा लिने,<br>▪ सुरक्षणको मूल्यले खामेको हदसम्म सहवित्तियकरण सम्बन्धी कानून बमोजिम पारिपासु हुने गरी कर्जा दिने वा लिने बाहेक एकपटक बैङ्क वा वित्तीय संस्थालाई दिइसकेको सुरक्षण रितपूर्वक फुकुवा नभई सोही सुरक्षण अर्को बैङ्क वा वित्तिय संस्थामा राखी पुनः कर्जा लिने वा दिने,<br>▪ व्यवसाय सञ्चालन गर्न सक्ने वित्तिय हैसियत नभएको वा आफूले अनुचित प्रभाव पार्न सक्ने व्यक्तिको नाममा संस्था स्थापना गराई त्यस्तो संस्था मार्फत वा नक्कली ऋणि मार्फत कर्जा लिने वा सो कुरा जानी जानी कर्जा दिने वा कर्जा लिने दिने कार्य गर्ने वा गराउने,<br>▪ ग्रहकको कारोबारको तुलनामा आवश्यकताभन्दा बढी कर्जा दिने,<br>▪ कर्जा सुविधा उपलब्ध गराए बापत अनुचित लाभ लिने वा दिने,<br>▪ बैक वा वित्तिय संस्थाका संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा ऋण प्रवाह गर्न अख्तियारप्राप्त व्यक्तिले आफूले समेत ऋण सुविधा उपभोग गर्ने मनसायले नक्कली ऋणि खडा गरी त्यस्तो ऋणको पूरै वा आंशिक रकम भुक्तानी लिने वा दिने,<br>▪ बैक वा वित्तिय संस्थाका संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा ऋण प्रवाह गर्न अख्तियारप्राप्त व्यक्तिले आफ्नो वित्तीय स्वार्थ गाँसिकएको कुनै व्यक्ति वा संस्थाको नाममा ऋण प्रवाह गर्ने,<br>▪ बैक वा वित्तिय संस्थाबाट जुन प्रयोजनका लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्त्र प्रयोग गरी वा गराई कर्जाको दुरुपयोग गर्ने वा गराउने,<br>▪ कर्मचारी सुविधा अन्तर्गत कर्जा वा सापटी लिएको वा सञ्चालक समितिको स्वीकृति लिई नजिकको नातेदारलाई कर्जा वा सुवधा दिएको बाहेक बैङ्क वा वित्तिय संस्थाको संस्थापक सञ्चालक वा विततिय स्वार्थ रहर्को मानिने शेयरधनी वा प्रमुख कार्यकारी अधिकृत, कर्मचारी, म्यानेजिङ्ग एजेन्ट वा सम्बद्ध व्यक्ति वा निजको परिवारको सदस्यले बैङ्क वा वित्तिय संस्थाबाट सुविधा लिई वा अन्य तरिकाले स्रोत साधनको दुरुपयोग गर्ने,<br>▪ निक्षेपकर्ता वा बैङ्क वा वित्तिय संस्थाको हित प्रतिकुल सम्पत्ति खर्च गर्ने वा गराउने, | ८ वर्षदेखि १० वर्षसम्म कैद र विगो बमोजिम जरिबाना |

| | | |
|---|---|---|
| | ▪ सम्पत्ति लिलाम बिक्री गर्दा वा अन्य कारोबार गर्दा आर्थिक अनियमितता गर्ने,<br>▪ ऋण तिर्ने प्रयोजनका लागि खाता खोलेको वा दैनिक जीवनयापनको लागि चाहिने आधारभूत खर्चको प्रयोजनका लागि तोकिएको हदसम्मको रकम निकालेको बाहेक कालो सूचीमा परेको ऋणीले आफूले तिर्नु पर्ने कर्जा नतिरी स्वदेश वा विदेशी संस्थामा खाता खोली रकम राख्ने , त्यस्तो खातालाई निरन्तरता दिने वा सञ्चालन गर्ने वा अन्य कुनै तरिकाले चल अचल सम्पत्ति खरीद गर्ने वा त्यस्तो सम्पत्ति उपर हक भोग प्राप्त गर्ने,<br>▪ बैक वा वित्तिय संस्थाको कुनै कागजात वा खाता बहिमा लेखिएको कुनै कुरा कुन तरिकाले हटाइ वा उडाई अर्कै मतलब निस्कने व्यहोरा पारी मिलाई लेख्ने जस्ता काम गरेबाट आफू वा अरु कसैलाई फाइदा वा हानी नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्ने वा अर्काको हानी नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको भनी वा मिति अङ्क वा व्यहोरा फरक पारी सही छाप गरी गराई कागज बनाई वा बनाउन लगाई जालसाजी गर्ने,<br>▪ बैङ्क वा वित्तिय संस्थालाई हानि नोक्सानी पुर्याउने उद्देश्यले कुनै काम गराउने वा नगराउने वा मोलाहिजा गर्ने वा नगर्ने, कुनै किसिमको रकम लिने वा दिने, विना मूल्य वा कम मूल्यमा कुनै मालवस्तु वा सेवा लने वा दिने, दान, दातव्य, उपहार वा चन्दा लिने वा दिने, गलत लिखत तयार गर्ने वा गराउने, अनुवाद गर्ने वा गराउने वा गैरकानुनी लाभ वा हानी पुर्याउने बदनियले कुनैकार्य गर्ने वा गराउने । | |

**पहिलो चरणः** (कसूरको वर्ग यकिन गर्ने) यस कसूरमा कसूरदारलाई हुने कैद सजायको तल्लो र माथिल्लो दुवै हद तथा विगो बमोजिमको निश्चित जरावानाको व्यवस्था सम्बन्धित दफामा नै रहेको र सजायको दायरा धेरै फराकिलो नरहेको कारण यस कसूरमा सजाय निर्धारणको प्रयोजनका लागि कसूरको वर्ग विभाजन गर्न आवश्यक नपर्ने हुँदा यस कसूरका हकमा कसूरको वर्ग यकिन गर्न नपर्ने।

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) सम्बन्धित दफामा भएको सजायको दायराका आधारमा यस कसूरको कसूरदारलाई कैद सजाय निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको दायरा (Range) |
|---|---|---|---|
| - | दफा ५, ६, ७ को खण्ड (घ), (घ१), (घ२), (ङ), (च), (छ), (ज), (झ) र (ञ) , दफा ८, ९, १०, १२ र १४ मा उल्लिखित रु. ५० करोडभन्दा बढी रु. १ अर्बसम्म विगो भएको बैङ्किङ्ग कसूर। | ९ वर्ष कैद | ८ वर्षदेखि १० वर्षसम्म कैद |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिमका कुनै वा सबै उद्देश्य विचार गर्ने। सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने सजायको उद्देश्य यसै सामान्य मार्गदर्शनको भाग-१ को तेस्रो चरणमा दिइएको छ।

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने। सजाय निर्धारण गर्दा लिनु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को चौथो चरणमा दिइएको छ।

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध सहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने। कसूरको गम्भीरता बढाउने तथा कसूरको गम्भीरता घटाउने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को पाँचौं चरणमा दिइएको छ।

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरको कसूरदारलाई कसूर गरेबापत विगो बमोजिम जरिबाना हुने भएकोले कसूरमा निर्धारण भएको विगो बमोजिम जरिबाना निर्धारण गर्ने।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने। कसूरदारलाई थप सजाय हुन सक्ने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को आठौं चरणमा दिइएको छ।

**नवौं चरणः** **(सजायमा छुट दिने)** ऐनको दफा २६ बमोजिम यस कसूरमा अनुसन्धानको काम कारवाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकारीले आफ्नो साक्षीको रुपमा प्रस्तुत गरी सजायको माग दावीमा पूर्ण वा आंशिक छुट दिने गरी अभियोगपत्र दायर भएको भए फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)** यो कसूर गर्न प्रयोग गरिएको वा कसुरबाट आर्जन गरिएको सम्पत्ति तथा साधन जफत गर्ने।

**एघारौं चरणः** **(विगो निर्धारण गर्ने)** यस कसूर गर्ने कसूरदारलाई जरिबानाको सजाय निर्धारण गर्ने तथा ऐनको दफा १५ बमोजिम कसूर गरी पुर्याएको हानी नोक्सानीको विगो प्रतिवादीबाट भराउने प्रयोजनका लागि कसूरदारले गरेको कसूरको विगो निर्धारण गर्ने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)**

- यस कसूरबाट पीडितलाई क्षतिपूर्ति भराई दिने व्यवस्था नभएको हुँदा यो चरण आकर्षित नहुने।
- फैसला गर्दा पीडित संरक्षण ऐनको दफा ४१ बमोजिम लाग्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नु पर्ने।

**तेह्रौं चरणः** **(अन्य आदेश)** यस कसूरमा कसूरदारलाई फौजदारी कार्यविधि संहिताको दफा १५५ वा सजाय निर्धारण ऐनको दफा २२,२४,२५,२६ वा २७ बमोजिम आदेश हुन नसक्ने भएकोले यो चरण आकर्षित नहुने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने। नैतिक पतन हुने वा नहुने अवस्थाको विश्लेषण गर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को चौधौं चरणमा दिइएको छ।

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने। फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को पन्ध्रौं चरणमा दिइएको छ।

**भाग -५**

**कसूरः** दफा ५, ६, ७ को खण्ड (घ), (घ१), (घ२), (ङ), (च), (छ), (ज), (झ) र (ञ), दफा ८, ९, १०, १२ र १४ मा उल्लिखित रु. १ अर्बभन्दा बढी जतिसुकै रुपैयाँ विगो भएको बैङ्किङ्ग कसूर।

**सम्बद्ध कानूनः** बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४

| दफा | कसूर | सजाय |
|---|---|---|
| ▪ ५<br>▪ ६<br>▪ ७(घ)<br>▪ ७(घ१)<br>▪ ७(घ२)<br>▪ ७(ङ)<br>▪ ७(च)<br>▪ ७(छ)<br>▪ ७(ज)<br>▪ ७(झ)<br>▪ ७(ञ)<br>▪ ८<br>▪ ९<br>▪ १०<br>▪ १२<br>▪ १४<br>▪ १५ (२) | रु. १ अर्बभन्दा बढी जतिसुकै विगो भएको रकम,-<br>▪ अनधिकृत रुपमा अन्य व्यक्तिको खाताबाट निकाल्ने वा अनधिकृत रुपमा ग्राहकको खताबाट रकम रकमान्तर गर्ने वा रकम भुक्तानी दिने,<br>▪ क्रेडिट कार्ड, डेविट कार्ड, एटिएम कार्ड वा अन्य विद्युतीय माध्यमको दुरुपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिने वा दिने,<br>▪ आफूलाई प्राप्त भएको अख्तियारी वा स्वीकृत सीमा भन्दा बाहिर गई कर्जा सुविधा वा सहुलियत प्राप्त गर्ने वा उपलब्ध गराउने,<br>▪ बैङ्क वा वित्तिय संस्थाको प्रमुख कार्यकारी अधिकृत वा कर्मचारीले नियम बमोजिम पाउने कर्मचारी सुवधा अन्तर्गतको कर्जा वा सापटी बाहेक अन्य तवरले आफ्नो बैक वा वित्तिय संस्थाबाट कर्जा वा सापटी लिने,<br>▪ मुद्दती रसिद वा सुन वा सरकारी ऋणपत्रको सुरक्षणमा कर्जा लिए बाहेक बैङ्क वा वित्तिय संस्थाको संस्थापक,सञ्चालक वा कानून बमोजिम वित्तिय स्वार्थ रहेको मानिने शेयरधनी वा निजको परिवारको सदस्यले आफ्नो बैङ्क वा वित्तिय संस्थाबाट कर्जा लिने,<br>▪ सुरक्षणको मूल्यले खामेको हदसम्म सहवित्तियकरण सम्बन्धी कानून बमोजिम पारिपासु हुने गरी कर्जा दिने वा लिने बाहेक एकपटक बैङ्क वा वित्तीय संस्थालाई दिइसकेको सुरक्षण रितपूर्वक फुकुवा नभई सोही सुरक्षण अर्को बैङ्क वा वित्तिय संस्थामा राखी पुनः कर्जा लिने वा दिने,<br>▪ व्यवसाय सञ्चालन गर्न सक्ने वित्तिय हैसियत नभएको वा आफूले अनुचित प्रभाव पार्न सक्ने व्यक्तिको नाममा संस्था स्थापना गराई त्यस्तो संस्था मार्फत वा नक्कली ऋणि मार्फत कर्जा लिने वा सो कुरा जानी जानी कर्जा दिने वा कर्जा लिने दिने कार्य गर्ने वा गराउने,<br>▪ ग्रहकको कारोबारको तुलनामा आवश्यकताभन्दा बढी कर्जा दिने,<br>▪ कर्जा सुविधा उपलब्ध गराए बापत अनुचित लाभ लिने वा दिने,<br>▪ बैक वा वित्तिय संस्थाका संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा ऋण प्रवाह गर्न अख्तियारप्राप्त व्यक्तिले आफूले समेत ऋण सुविधा उपभोग गर्ने मनसायले नक्कली ऋणि खडा गरी त्यस्तो ऋणको पूरै वा आंशिक रकम भुक्तानी लिने वा दिने,<br>▪ बैक वा वित्तिय संस्थाका संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा ऋण प्रवाह गर्न अख्तियारप्राप्त व्यक्तिले आफ्नो वित्तीय स्वार्थ गाँसिकएको कुनै व्यक्ति वा संस्थाको नाममा ऋण प्रवाह गर्ने,<br>▪ बैक वा वित्तिय संस्थाबाट जुन प्रयोजनका लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्त्र प्रयोग गरी वा गराई कर्जाको दुरुपयोग गर्ने वा गराउने,<br>▪ कर्मचारी सुविधा अन्तर्गत कर्जा वा सापटी लिएको वा सञ्चालक समितिको स्वीकृति लिई नजिकको नातेदारलाई कर्जा वा सुवधा दिएको बाहेक बैङ्क वा वित्तिय संस्थाको संस्थापक सञ्चालक वा विततिय स्वार्थ रहर्को मानिने शेयरधनी वा प्रमुख कार्यकारी अधिकृत, कर्मचारी, म्यानेजिङ्ग एजेन्ट वा सम्बद्ध व्यक्ति वा निजको परिवारको सदस्यले बैङ्क वा वित्तिय संस्थाबाट सुविधा लिई वा अन्य तरिकाले स्रोत साधनको दुरुपयोग गर्ने, | १० वर्षदेखि १२ वर्षसम्म कैद र विगो बमोजिम जरिबाना |

| | | |
|---|---|---|
| | ▪ निक्षेपकर्ता वा बैङ्क वा वित्तिय संस्थाको हित प्रतिकुल सम्पत्ति खर्च गर्ने वा गराउने,<br>▪ सम्पत्ति लिलाम बिक्री गर्दा वा अन्य कारोबार गर्दा आर्थिक अनियमितता गर्ने,<br>▪ ऋण तिर्ने प्रयोजनका लागि खाता खोलेको वा दैनिक जीवनयापनको लागि चाहिने आधारभूत खर्चको प्रयोजनका लागि तोकिएको हदसम्मको रकम निकालेको बाहेक कालो सूचीमा परेको ऋणीले आफूले तिर्नु पर्ने कर्जा नतिरी स्वदेश वा विदेशी संस्थामा खाता खोली रकम राख्ने , त्यस्तो खातालाई निरन्तरता दिने वा सञ्चालन गर्ने वा अन्य कुनै तरिकाले चल अचल सम्पत्ति खरीद गर्ने वा त्यस्तो सम्पत्ति उपर हक भोग प्राप्त गर्ने,<br>▪ बैक वा वित्तिय संस्थाको कुनै कागजात वा खाता बहिमा लेखिएको कुनै कुरा कुन तरिकाले हटाइ वा उडाई अर्कै मतलब निस्कने व्यहोरा पारी मिलाई लेख्ने जस्ता काम गरेबाट आफू वा अरु कसैलाई फाइदा वा हानी नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्ने वा अर्काको हानी नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको भनी वा मिति अङ्क वा व्यहोरा फरक पारी सही छाप गरी गराई कागज बनाई वा बनाउन लगाई जालसाजी गर्ने,<br>▪ बैङ्क वा वित्तिय संस्थालाई हानि नोक्सानी पुर्याउने उद्देश्यले कुनै काम गराउने वा नगराउने वा मोलाहिजा गर्ने वा नगर्ने, कुनै किसिमको रकम लिने वा दिने, विना मूल्य वा कम मूल्यमा कुनै मालवस्तु वा सेवा लने वा दिने, दान, दातव्य, उपहार वा चन्दा लिने वा दिने, गलत लिखत तयार गर्ने वा गराउने, अनुवाद गर्ने वा गराउने वा गैरकानुनी लाभ वा हानी पुर्याउने बदनियले कुनैकार्य गर्ने वा गराउने । | |

**पहिलो चरणः** (कसूरको वर्ग यकिन गर्ने) यस कसूरमा कसूरदारलाई हुने कैद सजायको तल्लो र माथिल्लो दुवै हद तथा विगो बमोजिमको निश्चित जरावानाको व्यवस्था सम्बन्धित दफामा नै रहेको र सजायको दायरा धेरै फराकिलो नरहेको कारण यस कसूरमा सजाय निर्धारणको प्रयोजनका लागि कसूरको वर्ग विभाजन गर्न आवश्यक नपर्ने हुँदा यस कसूरका हकमा कसूरको वर्ग यकिन गर्न नपर्ने।

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) सम्बन्धित दफामा भएको सजायको दायराका आधारमा यस कसूरको कसूरदारलाई कैद सजाय निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको दायरा (Range) |
|---|---|---|---|
| - | दफा ५, ६, ७ को खण्ड (घ), (घ१), (घ२), (ङ), (च), (छ), (ज), (झ) र (ञ) , दफा ८, ९, १०, १२ र १४ मा उल्लिखित रु. १ अर्बभन्दा बढी जतिसुकै रुपैयाँ विगो भएको बैङ्किङ्ग कसूर। | ११ वर्ष | १० वर्षदेखि १२ वर्षसम्म |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिमका कुनै वा सबै उद्देश्य विचार गर्ने। सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने सजायको उद्देश्य यसै सामान्य मार्गदर्शनको भाग-१ को तेस्रो चरणमा दिइएको छ।

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने। सजाय निर्धारण गर्दा लिनु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को चौथो चरणमा दिइएको छ।

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध संहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता

घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने। कसूरको गम्भीरता बढाउने तथा कसूरको गम्भीरता घटाउने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को पाँचौं चरणमा दिइएको छ।

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरको कसूरदारलाई कसूर गरेबापत विगो बमोजिम जरिबाना हुने भएकोले कसूरमा निर्धारण भएको विगो बमोजिम जरिबाना निर्धारण गर्ने।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने। कसूरदारलाई थप सजाय हुन सक्ने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को आठौं चरणमा दिइएको छ।

**नवौं चरणः** **(सजायमा छुट दिने)** ऐनको दफा २६ बमोजिम यस कसूरमा अनुसन्धानको काम कारवाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकारीले आफ्नो साक्षीको रुपमा प्रस्तुत गरी सजायको माग दावीमा पूर्ण वा आंशिक छुट दिने गरी अभियोगपत्र दायर भएको भए फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)** यो कसूर गर्न प्रयोग गरिएको वा कसुरबाट आर्जन गरिएको सम्पत्ति तथा साधन जफत गर्ने।

**एघारौं चरणः** **(विगो निर्धारण गर्ने)** यस कसूर गर्ने कसूरदारलाई जरिबानाको सजाय निर्धारण गर्ने तथा ऐनको दफा १५ बमोजिम कसूर गरी पुर्याएको हानी नोक्सानीको विगो प्रतिवादीबाट भराउने प्रयोजनका लागि कसूरदारले गरेको कसूरको विगो निर्धारण गर्ने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)**

- यस कसूरबाट पीडितलाई क्षतिपूर्ति भराई दिने व्यवस्था नभएको हुँदा यो चरण आकर्षित नहुने।
- फैसला गर्दा पीडित संरक्षण ऐनको दफा ४१ बमोजिम लाग्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नु पर्ने।

**तेह्रौं चरणः** **(अन्य आदेश)** यस कसूरमा कसूरदारलाई निर्धारण भएको सजायको आधारमा फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिम कैद बापत रकम तिर्न सकिने अवस्थाको वा दफा २४ बमोजिम कैद सजाय निलम्वन गर्न सकिने वा दफा २५ बमोजिम सुधार गृहमा वा दफा २६ बमोजिम पुनर्स्थापना केन्द्रमा पठाउन सकिने वा दफा २७ बमोजिम सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गराउन पठाउन सकिने अवस्था विद्यमान भए सजाय निर्धारण ऐनको दफा २४ को उपदफा (३) को अधीनमा रही सो सम्बन्धी आदेश गर्ने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने। नैतिक पतन हुने वा नहुने अवस्थाको विश्लेषण गर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को चौधौं चरणमा दिइएको छ।

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने। फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को पन्ध्रौं चरणमा दिइएको छ।

**भाग -६**

**कसूरः** दफा ७ को खण्ड (क), (ख) र (ग) वा दफा १३ मा उल्लिखित बैङ्किङ्ग कसूर।

**सम्बद्ध कानूनः** बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४

| दफा/खण्ड | कसूर | सजाय |
|---|---|---|
| ▪ ७ (क), (ख) र (ग)<br>▪ १३ | ▪ गलत, झुट्टा वा नरहे/नभएको वित्तिय विवरण पेश गरी वा कृत्रिम व्यवसाय खडा गरी कर्जा लिने वा दिने,<br>▪ धितोको अस्वभाविक रुपमा बढी मूल्याङ्कन गरी कर्जा लिने वा दिने,<br>▪ झुट्टा विवरणका आधारमा परियोजनाको लागत अस्वभाविक रुपमा बढाई बढी कर्जा लिने वा दिने,<br>▪ चल, अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनका लागि मूल्याङ्कन गर्दा बढी, कम वा गलत मूल्याङ्कन गर्ने वा आफ्नो वित्तिय स्वार्थ गाँसिएको कुनै व्यक्ति वा संस्थाको मूल्याङ्कन गर्ने,<br>▪ बैङ्क वा वित्तिय संस्थाबाट कर्जा वा सुविधा प्राप्त गर्ने प्रयोजनका लागि एउटै मिति वा अवधिको अलग अलग वित्तिय विवरण तयार गर्ने वा गर्न लगाउने,<br>▪ लेखा परीक्षकले कुनै व्यक्ति वा संस्थाको नेपाल सरकार, विदेशी दातृ निकाय वा अन्य निकायमा पेश गर्ने एउटै मिति वा अवधिको वित्तिय विवरणमा आफ्नो राय तथा व्यहोरा नखुलाई वित्तीय विवरणहरु फरक पर्ने गरी प्रमाणित गर्ने । | ४ वर्षसम्म कैद र विगो बमोजिम जरिबाना |

**पहिलो चरणः** (कसूरको वर्ग यकिन गर्ने) यस कसूरमा कसूरदारलाई हुने कै कैद सजायको तल्लो र माथिल्लो दुवै हद तथा विगो बमोजिमको निश्चित जरावानाको व्यवस्था सम्बन्धित दफामा नै रहेको र सजायको दायरा धेरै फराकिलो नरहेको कारण यस कसूरमा सजाय निर्धारणको प्रयोजनका लागि कसूरको वर्ग विभाजन गर्न आवश्यक नपर्ने हुँदा यस कसूरका हकमा कसूरको वर्ग यकिन गर्न नपर्ने।

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) सम्बन्धित दफामा भएको सजायको दायराका आधारमा यस कसूरको कसूरदारलाई कैद सजाय निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको दायरा (Range) |
|---|---|---|---|
| - | ऐनको दफा ७ को खण्ड (क), (ख) र (ग) वा दफा १३ मा उल्लिखित बैङ्किङ्ग कसूर | २ वर्ष कैद | ४ वर्षसम्म कैद |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिमका कुनै वा सबै उद्देश्य विचार गर्ने। सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने सजायको उद्देश्य यसै सामान्य मार्गदर्शनको भाग-१ को तेस्रो चरणमा दिइएको छ।

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने। सजाय निर्धारण गर्दा लिनु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को चौथो चरणमा दिइएको छ।

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध सहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने। कसूरको गम्भीरता बढाउने तथा कसूरको गम्भीरता घटाउने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को पाँचौं चरणमा दिइएको छ।

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरको कसूरदारलाई कसूर गरेबापत विगो बमोजिम जरिबाना हुने भएकोले कसूरमा निर्धारण भएको विगो बमोजिम जरिबाना निर्धारण गर्ने।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने। कसूरदारलाई थप सजाय हुन सक्ने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को आठौं चरणमा दिइएको छ।

**नवौं चरणः** **(सजायमा छुट दिने)** ऐनको दफा २६ बमोजिम यस कसूरमा अनुसन्धानको काम कारवाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकारीले आफ्नो साक्षीको रुपमा प्रस्तुत गरी सजायको माग दावीमा पूर्ण वा आंशिक छुट दिने गरी अभियोगपत्र दायर भएको भए फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)** यो कसूर गर्न प्रयोग गरिएको वा कसुरबाट आर्जन गरिएको सम्पत्ति तथा साधन जफत गर्ने।

**एघारौं चरणः** **(बिगो निर्धारण गर्ने)** यस कसूर गर्ने कसूरदारलाई जरिबानाको सजाय निर्धारण गर्ने तथा ऐनको दफा १५ बमोजिम कसूर गरी पुर्याएको हानी नोक्सानीको बिगो प्रतिवादीबाट भराउने प्रयोजनका लागि कसूरदारले गरेको कसूरको बिगो निर्धारण गर्ने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)**

- यस कसूरबाट पीडितलाई क्षतिपूर्ति भराई दिने व्यवस्था नभएको हुँदा यो चरण आकर्षित नहुने।
- फैसला गर्दा पीडित संरक्षण ऐनको दफा ४१ बमोजिम लाग्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नु पर्ने।

**तेह्रौं चरणः** **(अन्य आदेश)** यस कसूरमा कसूरदारलाई फौजदारी कार्यविधि संहिताको दफा १५५ वा सजाय निर्धारण ऐनको दफा २२,२४,२५,२६ वा २७ बमोजिम आदेश हुन नसक्ने भएकोले यो चरण आकर्षित नहुने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने। नैतिक पतन हुने वा नहुने अवस्थाको विश्लेषण गर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को चौधौं चरणमा दिइएको छ।

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने। फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को पन्ध्रौं चरणमा दिइएको छ।

**भाग -७**

**कसूरः** दफा १२क., १४क. वा १४ख. मा उल्लिखित रु. ५० लाखदेखि भन्दा बढी रु. ५ करोडसम्म विगो भएको बैङ्किङ्ग कसूर

**सम्बद्ध कानूनः** बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४

| दफा | कसूर | सजाय |
|---|---|---|
| ▪ १२क.<br>▪ १४क.<br>▪ १४ख. | रु. ५० लाखदेखि ५ करोडसम्म,<br>▪ बैङ्क वा वित्तीय संस्था सहकारी संस्था वा संघको स्वामित्वमा रहेको चल अचल सम्पत्ति मिलेमतो वा जालपरिपञ्च गरी कीर्ते कागज बनाई दिई वा पेश गरी झुक्याई वा धोका दिई गफलतमा पारी आफ्नो हक नपुग्ने बैङ्क वा वित्तीय संस्था सहकारी संस्था वा संघको हकको चल अचल सम्पत्ति लिने दिने वा दिलाउने वा बैङ्क वा वित्तीय संस्था वा संघको सम्पत्ति मेरो हो वा मेरो भएको छ भनी लिनु दिनु बिक्री व्यवहार वा सट्टा पट्टा गरी हानि नोक्सानी पुर्याउने,<br>▪ झूट्टा जालसाजीपूर्ण कथन प्रतिज्ञा वा अन्य कुनै तवरबाट नोक्सानी पुग्ने गरी बैङ्क वा वित्तीय संस्था सहकारी संस्था वा संघको नियन्त्रण, संरक्षण वा स्वामित्वमा रहेको नगद रकम कोष सुरक्षण पत्र वा अन्य चल अचल सम्पत्ति प्राप्त गर्ने दख्खल पुर्याउने नियन्त्रणमा लिने वा त्यस्तो योजनालाई सहयोग पुर्याई हानी नोक्सानी पुर्याउने,<br>▪ गलत वा झुट्टा विववरण वा प्रतिज्ञाका आधारमा बैङ्क वा वित्तीय संस्था सहकारी संस्था वा संघसँग कुनै कारोबार गर्ने वा आफ्नो नाम ढाँट्ने वा अर्को मानिसको नामलाई आफू हो भनी वा अर्काबाट भनाउने वा भनिदिने इत्यादि जुनसुकै कार्य गरी कसूरको सजायबाट बच्नको लागि बेयमानीका नियतले धोका गफलतमा पारी बैङ्क वा वित्तीय संस्था सहकारी संस्था वा संघलाई हानि नोक्सानी पुर्याई आफू वा अरु कसैलाई लाभ हुने कार्य गर्ने,<br>▪ ढुकुटीको कारोबार गर्ने वा गराउने,<br>▪ सहकारी संस्था वा संघले नेपाल राष्ट्रबैङ्कबाट स्वीकृति प्राप्त नगरी बैङ्किङ् कारोबार गर्ने वा गराउने। | ३ वर्षदेखि ५ वर्षसम्म कैद र विगो बमोजिम जरिबाना |

**पहिलो चरणः** (कसूरको वर्ग यकिन गर्ने) यस कसूरमा कसूरदारलाई हुने कैद सजायको तल्लो र माथिल्लो दुवै हद तथा विगो बमोजिमको निश्चित जरावानाको व्यवस्था सम्बन्धित दफामा नै रहेको र सजायको दायरा धेरै फराकिलो नरहेको कारण यस कसूरमा सजाय निर्धारणको प्रयोजनका लागि कसूरको वर्ग विभाजन गर्न आवश्यक नपर्ने हुँदा यस कसूरका हकमा कसूरको वर्ग यकिन गर्न नपर्ने।

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) सम्बन्धित दफामा भएको सजायको दायराका आधारमा यस कसूरको कसूरदारलाई कैद सजाय निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको दायरा (Range) |
|---|---|---|---|
| - | दफा १२क., १४क. वा १४ख. मा उल्लिखित रु. ५० लाखदेखि भन्दा बढी रु. ५ करोडसम्म विगो भएको बैङ्किङ्ग कसूर। | ४ वर्ष | ३ वर्षदेखि ५ वर्षसम्म |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिमका कुनै वा सबै उद्देश्य विचार गर्ने। सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने सजायको उद्देश्य यसै सामान्य मार्गदर्शनको भाग-१ को तेस्रो चरणमा दिइएको छ।

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने। सजाय निर्धारण गर्दा लिनु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को चौथो चरणमा दिइएको छ।

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध संहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने। कसूरको गम्भीरता बढाउने तथा कसूरको गम्भीरता घटाउने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को पाँचौं चरणमा दिइएको छ।

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरको कसूरदारलाई कसूर गरेबापत विगो बमोजिम जरिबाना हुने भएकोले कसूरमा निर्धारण भएको विगो बमोजिम जरिबाना निर्धारण गर्ने।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने। कसूरदारलाई थप सजाय हुन सक्ने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को आठौं चरणमा दिइएको छ।

**नवौं चरणः** **(सजायमा छुट दिने)** ऐनको दफा २६ बमोजिम यस कसूरमा अनुसन्धानको काम कारवाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकारीले आफ्नो साक्षीको रुपमा प्रस्तुत गरी सजायको माग दावीमा पूर्ण वा आंशिक छुट दिने गरी अभियोगपत्र दायर भएको भए फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)** यो कसूर गर्न प्रयोग गरिएको वा कसुरबाट आर्जन गरिएको सम्पत्ति तथा साधन जफत गर्ने।

**एघारौं चरणः** **(विगो निर्धारण गर्ने)** यस कसूर गर्ने कसूरदारलाई जरिबानाको सजाय निर्धारण गर्ने तथा ऐनको दफा १५ बमोजिम कसूर गरी पुर्याएको हानी नोक्सानीको विगो प्रतिवादीबाट भराउने प्रयोजनका लागि कसूरदारले गरेको कसूरको विगो निर्धारण गर्ने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)**

- यस कसूरबाट पीडितलाई क्षतिपूर्ति भराई दिने व्यवस्था नभएको हुँदा यो चरण आकर्षित नहुने।
- फैसला गर्दा पीडित संरक्षण ऐनको दफा ४१ बमोजिम लाग्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नु पर्ने।

**तेह्रौं चरणः** **(अन्य आदेश)** यस कसूरमा कसूरदारलाई फौजदारी कार्यविधि संहिताको दफा १५५ वा सजाय निर्धारण ऐनको दफा २२,२४,२५,२६ वा २७ बमोजिम आदेश हुन नसक्ने भएकोले यो चरण आकर्षित नहुने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने। नैतिक पतन हुने वा नहुने अवस्थाको विश्लेषण गर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को चौधौं चरणमा दिइएको छ।

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने। फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को पन्ध्रौं चरणमा दिइएको छ।

**भाग -८**

**कसूरः** दफा १२क., १४क. वा १४ख. मा उल्लिखित रु. ५ करोडभन्दा बढी रु. ५० करोडसम्म विगो भएको बैङ्किङ्ग कसूर।

**सम्बद्ध कानूनः** बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४

| दफा | कसूर | सजाय |
|---|---|---|
| ▪ १२क.<br>▪ १४क.<br>▪ १४ख. | रु. ५ करोडभन्दा बढी रु. ५० करोडसम्म,<br>▪ बैङ्क वा वित्तीय संस्था सहकारी संस्था वा संघको स्वामित्वमा रहेको चल अचल सम्पत्ति मिलेमतो वा जालपरिपञ्च गरी कीर्ते कागज बनाई दिई वा पेश गरी झुक्याई वा धोका दिई गफलतमा पारी आफ्नो हक नपुग्ने बैङ्क वा वित्तीय संस्था सहकारी संस्था वा संघको हकको चल अचल सम्पत्ति लिने दिने वा दिलाउने वा बैङ्क वा वित्तीय संस्था वा संघको सम्पत्ति मेरो हो वा मेरो भएको छ भनी लिनु दिनु बिक्री व्यवहार वा सट्टा पट्टा गरी हानि नोक्सानी पुर्याउने,<br>▪ झुट्टा जालसाजीपूर्ण कथन प्रतिज्ञा वा अन्य कुनै तवरबाट नोक्सानी पुग्ने गरी बैङ्क वा वित्तीय संस्था सहकारी संस्था वा संघको नियन्त्रण, संरक्षण वा स्वामित्वमा रहेको नगद रकम कोष सुरक्षण पत्र वा अन्य चल अचल सम्पत्ति प्राप्त गर्ने दखल पुर्याउने नियन्त्रणमा लिने वा त्यस्तो योजनालाई सहयोग पुर्याई हानी नोक्सानी पुर्याउने,<br>▪ गलत वा झुट्टा विववरण वा प्रतिज्ञाका आधारमा बैङ्क वा वित्तीय संस्था सहकारी संस्था वा संघसँग कुनै कारोबार गर्ने वा आफ्नो नाम ढाँट्ने वा अर्को मानिसको नामलाई आफू हो भनी वा अर्काबाट भनाउने वा भनिदिने इत्यादि जुनसुकै कार्य गरी कसूरको सजायबाट बच्नको लागि बैयमानीका नियतले धोका गफलतमा पारी बैङ्क वा वित्तीय संस्था सहकारी संस्था वा संघलाई हानि नोक्सानी पुर्याई आफू वा अरु कसैलाई लाभ हुने कार्य गर्ने,<br>▪ ढुकुटीको कारोबार गर्ने वा गराउने,<br>▪ सहकारी संस्था वा संघले नेपाल राष्ट्रबैङ्कबाट स्वीकृति प्राप्त नगरी बैङ्किङ् कारोबार गर्ने वा गराउने । | ५ वर्षदेखि ७ वर्षसम्म कैद र विगो बमोजिम जरिबाना |

**पहिलो चरणः** (कसूरको वर्ग यकिन गर्ने) यस कसूरमा कसूरदारलाई हुने कैद सजायको तल्लो र माथिल्लो दुवै हद तथा विगो बमोजिमको निश्चित जरावानाको व्यवस्था सम्बन्धित दफामा नै रहेको र सजायको दायरा धेरै फराकिलो नरहेको कारण यस कसूरमा सजाय निर्धारणको प्रयोजनका लागि कसूरको वर्ग विभाजन गर्न आवश्यक नपर्ने हुँदा यस कसूरका हकमा कसूरको वर्ग यकिन गर्न नपर्ने।

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) सम्बन्धित दफामा भएको सजायको दायराका आधारमा यस कसूरको कसूरदारलाई कैद सजाय निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको दायरा (Range) |
|---|---|---|---|
| - | दफा १२क., १४क. वा १४ख. मा उल्लिखित रु. ५ करोडभन्दा बढी रु. ५० करोडसम्म विगो भएको बैङ्किङ्ग कसूर । | ६ वर्ष | ५ वर्षदेखि ७ वर्षसम्म |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिमका कुनै वा सबै उद्देश्य विचार गर्ने। सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने सजायको उद्देश्य यसै सामान्य मार्गदर्शनको भाग-१ को तेस्रो चरणमा दिइएको छ।

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने। सजाय निर्धारण गर्दा लिनु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को चौथो चरणमा दिइएको छ।

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध सहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने। कसूरको गम्भीरता बढाउने तथा कसूरको गम्भीरता घटाउने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को पाँचौं चरणमा दिइएको छ।

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरको कसूरदारलाई कसूर गरेबापत विगो बमोजिम जरिबाना हुने भएकोले कसूरमा निर्धारण भएको विगो बमोजिम जरिबाना निर्धारण गर्ने।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने। कसूरदारलाई थप सजाय हुन सक्ने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को आठौं चरणमा दिइएको छ।

**नवौं चरणः** **(सजायमा छुट दिने)** ऐनको दफा २६ बमोजिम यस कसूरमा अनुसन्धानको काम कारवाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकारीले आफ्नो साक्षीको रुपमा प्रस्तुत गरी सजायको माग दावीमा पूर्ण वा आंशिक छुट दिने गरी अभियोगपत्र दायर भएको भए फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)** यो कसूर गर्न प्रयोग गरिएको वा कसुरबाट आर्जन गरिएको सम्पत्ति तथा साधन जफत गर्ने।

**एघारौं चरणः** **(विगो निर्धारण गर्ने)** यस कसूर गर्ने कसूरदारलाई जरिबानाको सजाय निर्धारण गर्ने तथा ऐनको दफा १५ बमोजिम कसूर गरी पुर्याएको हानी नोक्सानीको विगो प्रतिवादीबाट भराउने प्रयोजनका लागि कसूरदारले गरेको कसूरको विगो निर्धारण गर्ने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)**

- यस कसूरबाट पीडितलाई क्षतिपूर्ति भराई दिने व्यवस्था नभएको हुँदा यो चरण आकर्षित नहुने।
- फैसला गर्दा पीडित संरक्षण ऐनको दफा ४१ बमोजिम लाग्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नु पर्ने।

**तेह्रौं चरणः** **(अन्य आदेश)** यस कसूरमा कसूरदारलाई फौजदारी कार्यविधि संहिताको दफा १५५ वा सजाय निर्धारण ऐनको दफा २२,२४,२५,२६ वा २७ बमोजिम आदेश हुन नसक्ने भएकोले यो चरण आकर्षित नहुने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने। नैतिक पतन हुने वा नहुने अवस्थाको विश्लेषण गर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को चौधौं चरणमा दिइएको छ।

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने। फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को पन्ध्रौं चरणमा दिइएको छ।

**भाग -९**

**कसूरः** दफा १२क., १४क. वा १४ख. मा उल्लिखित रु. ५० करोडभन्दा बढी जतिसुकै रकम विगो भएको बैङ्किङ्ग कसूर।

**सम्बद्ध कानूनः** बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४

| दफा | कसूर | सजाय |
|---|---|---|
| ▪ १२क.<br>▪ १४क.<br>▪ १४ख. | रु. ५० करोडदेखि भन्दा बढी जतिसुकै रकम,<br>▪ बैङ्क वा वित्तीय संस्था सहकारी संस्था वा संघको स्वामित्वमा रहेको चल अचल सम्पत्ति मिलेमतो वा जालपरिपञ्च गरी कीर्ते कागज बनाई दिई वा पेश गरी झुक्याई वा धोका दिई गफलतमा पारी आफ्नो हक नपुग्ने बैङ्क वा वित्तीय संस्था सहकारी संस्था वा संघको हकको चल अचल सम्पत्ति लिने दिने वा दिलाउने वा बैङ्क वा वित्तीय संस्था वा संघको सम्पत्ति मेरो हो वा मेरो भएको छ भनी लिनु दिनु बिक्री व्यवहार वा सट्टा पट्टा गरी हानि नोक्सानी पुर्याउने,<br>▪ झूट्टा जालसाजीपूर्ण कथन प्रतिज्ञा वा अन्य कुनै तवरबाट नोक्सानी पुग्ने गरी बैङ्क वा वित्तीय संस्था सहकारी संस्था वा संघको नियन्त्रण, संरक्षण वा स्वामित्वमा रहेको नगद रकम कोष सुरक्षण पत्र वा अन्य चल अचल सम्पत्ति प्राप्त गर्ने दख्खल पुर्याउने नियन्त्रणमा लिने वा त्यस्तो योजनालाई सहयोग पुर्याई हानी नोक्सानी पुर्याउने,<br>▪ गलत वा झुट्टा विववरण वा प्रतिज्ञाका आधारमा बैङ्क वा वित्तीय संस्था सहकारी संस्था वा संघसँग कुनै कारोबार गर्ने वा आफ्नो नाम ढाँट्ने वा अर्को मानिसको नामलाई आफू हो भनी वा अर्कावाट भनाउने वा भनिदिने इत्यादि जुनसुकै कार्य गरी कसूरको सजायबाट बच्नको लागि बैयमानीका नियतले धोका गफलतमा पारी बैङ्क वा वित्तीय संस्था सहकारी संस्था वा संघलाई हानि नोक्सानी पुर्याई आफू वा अरु कसैलाई लाभ हुने कार्य गर्ने,<br>▪ ढुकुटीको कारोबार गर्ने वा गराउने,<br>▪ सहकारी संस्था वा संघले नेपाल राष्ट्रबैङ्कबाट स्वीकृति प्राप्त नगरी बैङ्किङ् कारोबार गर्ने वा गराउने। | ७ वर्षदेखि ९ वर्षसम्म कैद र विगो बमोजिम जरिबाना |

**पहिलो चरणः** (कसूरको वर्ग यकिन गर्ने) यस कसूरमा कसूरदारलाई हुने कैद सजायको तल्लो र माथिल्लो दुवै हद तथा विगो बमोजिमको निश्चित जरावानाको व्यवस्था सम्बन्धित दफामा नै रहेको र सजायको दायरा धेरै फराकिलो नरहेको कारण यस कसूरमा सजाय निर्धारणको प्रयोजनका लागि कसूरको वर्ग विभाजन गर्न आवश्यक नपर्ने हुँदा यस कसूरका हकमा कसूरको वर्ग यकिन गर्न नपर्ने।

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) सम्बन्धित दफामा भएको सजायको दायराका आधारमा यस कसूरको कसूरदारलाई कैद सजाय निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको दायरा (Range) |
|---|---|---|---|
| - | दफा १२क., १४क. वा १४ख. मा उल्लिखित रु रु. ५० करोडदेखि भन्दा बढी जतिसुकै रकम भएको बैङ्किङ्ग कसूर। | ८ वर्ष कैद | ७ वर्षदेखि ९ वर्षसम्म कैद |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिमका कुनै वा सबै उद्देश्य विचार गर्ने। सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने सजायको उद्देश्य यसै सामान्य मार्गदर्शनको भाग-१ को तेस्रो चरणमा दिइएको छ।

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने। सजाय निर्धारण गर्दा लिनु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को चौथो चरणमा दिइएको छ।

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध सहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने। कसूरको गम्भीरता बढाउने तथा कसूरको गम्भीरता घटाउने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को पाँचौं चरणमा दिइएको छ।

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरको कसूरदारलाई कसूर गरेबापत विगो बमोजिम जरिबाना हुने भएकोले कसूरमा निर्धारण भएको विगो बमोजिम जरिबाना निर्धारण गर्ने।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने। कसूरदारलाई थप सजाय हुन सक्ने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को आठौं चरणमा दिइएको छ।

**नवौं चरणः** **(सजायमा छुट दिने)** ऐनको दफा २६ बमोजिम यस कसूरमा अनुसन्धानको काम कारवाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकारीले आफ्नो साक्षीको रुपमा प्रस्तुत गरी सजायको माग दावीमा पूर्ण वा आंशिक छुट दिने गरी अभियोगपत्र दायर भएको भए फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)** यो कसूर गर्न प्रयोग गरिएको वा कसुरबाट आर्जन गरिएको सम्पत्ति तथा साधन जफत गर्ने।

**एघारौं चरणः** **(विगो निर्धारण गर्ने)** यस कसूर गर्ने कसूरदारलाई जरिबानाको सजाय निर्धारण गर्ने तथा ऐनको दफा १५ बमोजिम कसूर गरी पुर्याएको हानी नोक्सानीको विगो प्रतिवादीबाट भराउने प्रयोजनका लागि कसूरदारले गरेको कसूरको विगो निर्धारण गर्ने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)**

- यस कसूरबाट पीडितलाई क्षतिपूर्ति भराई दिने व्यवस्था नभएको हुँदा यो चरण आकर्षित नहुने।
- फैसला गर्दा पीडित संरक्षण ऐनको दफा ४१ बमोजिम लाग्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नु पर्ने।

**तेह्रौं चरणः** **(अन्य आदेश)** यस कसूरमा कसूरदारलाई फौजदारी कार्यविधि संहिताको दफा १५५ वा सजाय निर्धारण ऐनको दफा २२,२४,२५,२६ वा २७ बमोजिम आदेश हुन नसक्ने भएकोले यो चरण आकर्षित नहुने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने। नैतिक पतन हुने वा नहुने अवस्थाको विश्लेषण गर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को चौधौं चरणमा दिइएको छ।

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** अपराध संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ बमोजिम फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु खुलाई आधार र कारण सहितको फैसला तयार गर्नु पर्ने। फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को पन्ध्रौं चरणमा दिइएको छ।

**भाग -१०**

**कसूरः** बैङ्किङ्ग कसूर गर्न षडयन्त्र गर्ने, उद्योग गर्ने वा दुरुत्साहन दिने वा मतियार हुने सम्बन्धी कसूर।

**सम्बद्ध कानूनः** बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ तथा अपराध संहिताको भाग-१, परिच्छद-३ (आपराधिक षडयन्त्र, उद्योग, दुरुत्साहन र मतियार)

- ऐनको दफा १५ को उपदफा (६) ले बैङ्किङ्ग कसूर गर्न उद्योग गर्ने वा मतियार हुनेलाई अपराधिकरण तथा सजायको सम्बन्धमा विशेष व्यवस्था गरी कसूरदारलाई हुने सजायको आधा सजायको व्यवस्था गरेको हुँदा सजायको प्रयोजनका लागि भाग-१, परिच्छेद-३ को सामान्य व्यवस्था लागू नहुने।
- बैङ्किङ्ग कसूर गर्न षडयन्त्र गर्ने वा दुरुत्साहन दिने कार्यलाई ऐनले अपराधिकरण तथा सजायको विशेष व्यवस्था नगरेको हुँदा सो सम्बन्धमा अपराध संहिताको सामान्य प्रावधान सम्बन्धी दफा क्रमशः ३३ र ३५ को व्यवस्था लागू हुने।

**(क) <u>बैङ्किङ्ग कसूरको आपराधिक षडयन्त्र गर्ने कसूरदारलाई देहाय बमोजिम सजाय निर्धारण गर्नु पर्नेः-</u>**

- आपराधिक षडचन्त्र बमोजिम कसूर भएको भए सो कसूर गरे सरह सजाय हुने अपराध संहिताको दफा ३३ को उपदफा (३) को खण्ड (क) मा व्यवस्था भएकोले जुन बैङ्किङ्ग कसूर गर्न आपराधिक षडयन्त्र गरेको हो सो कसूरमा यसै सामान्य मार्गदर्शन बमोजिम त्यस्तो कसूर गर्ने कसूरदारलाई निर्धारण गरिने सजाय सरह सजाय निर्धारण गर्ने।
- आपराधिक षडचन्त्र बमोजिम कसूर नभएको भए सो कसूरमा हुने सजायको आधा सजाय हुने व्यवस्था अपराध संहिताको दफा ३३ को उपदफा (३) को खण्ड (घ) मा भएकोले जुन बैङ्किङ्ग कसूर गर्न आपराधिक षडयन्त्र गरेको हो सो कसूरमा यसै सामान्य मार्गदर्शन बमोजिम त्यस्तो कसूर गर्ने कसूरदारलाई निर्धारण गरिने सजायको आधा सजाय निर्धारण गर्ने।

**(ख) <u>बैङ्किङ्ग कसूर गर्न दुरुत्साहन दिने कसूरदारलाई देहाय बमोजिम सजाय निर्धारण गर्नु पर्नेः-</u>**

- दुरुत्साहन दिए बमोजिम कसूर भएको भए निज स्वयमले कसूर गरे सरह सजाय हुने व्यवस्था दफा ३५ को उपदफा (३) को खण्ड (क) मा भएकोले जुन बैङ्किङ्ग कसूर गर्न दुरुत्साहन दिएको हो सो कसूरमा यसै सामान्य मार्गदर्शन बमोजिम त्यस्तो कसूर गर्ने कसूरदारलाई निर्धारण गरिने सजाय सरह सजाय निर्धारण गर्ने।
- दुरुत्साहन दिए बमोजिम कसूर भईनसकेकोमा सो कसूरका लागि तोकिएको सजायको आधा सजाय हुने व्यवस्था दफा ३५ को उपदफा (३) को खण्ड (ख) मा भएकोले जुन बैङ्किङ्ग कसूर गर्न दुरुत्साहन दिएको हो सो कसूरमा यसै सामान्य मार्गदर्शन बमोजिम निर्धारण गरिने सजायको आधा सजाय निर्धारण गर्ने।

**(ग) <u>बैङ्किङ्ग कसूर गर्न उद्योग गर्ने वा मतियार हुने कसूरदारलाई देहाय बमोजिम सजाय निर्धारण गर्नु पर्नेः-</u>**

- ऐनको दफा १५ को उपदफा (६) ले बैङ्किङ्ग कसूर गर्न उद्योग गर्ने वा मतियार हुनेलाई कसूरदारलाई हुने सजायको आधा सजायको व्यवस्था गरेको हुँदा त्यस्तो कसूरको कसूरदारलाई जुन बैङ्किङ्ग कसूर गर्न उद्योग गरेको वा मतियार भएको हो सो कसूरमा यसै सामान्य मार्गदर्शन बमोजिम निर्धारण गरिने सजायको आधा सजाय निर्धारण गर्ने।

**<u>नोट</u>**

- आधा सजाय निर्धारण गर्दा कैद तथा जरिबाना दुवै प्रकारको सजायमा लागू हुने गरी गर्नु पर्ने।

**<u>सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन तयारी समिति</u>**

| | |
|---|---|
| डा. आनन्दमोहन भट्टराई, न्यायाधीश, सर्वोच्च अदालत | संयोजक |
| अनिलकुमार सिन्हा, न्यायाधीश, सर्वोच्च अदालत | सदस्य |
| टेकप्रसाद ढुङ्गाना, न्यायाधीश, उच्च अदालत पाटन, हेटौंडा इजलास | सदस्य |
| दुर्गाप्रसाद ढुङ्गेल, न्यायाधीश, मोरङ्ग जिल्ला अदालत | सदस्य |
| डा. श्रीप्रकाश उप्रेती, न्यायाधीश, भक्तपुर जिल्ला अदालत | सदस्य |
| सञ्जीवराज रेग्मी, सह-न्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| लालबहादुर कुँवर, रजिस्ट्रार, सर्वोच्च अदालत | सदस्य सचिव |